# प्रभाव दैनिक

National Daily

वर्ष १२ | अंक ३०३ | काठमाडौं | मंगलबार, १९ फागुन २०८२ | Prabhab National Daily | Tuesday, 03 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-





# रामेछाप दुर्घटनामा मतदान अधिकृत र असईको मृत्यु

## गम्भीर घाइतेहरूलाई हेलिकप्टमार्फत उद्धार



*तस्बिर: रासस*

- निर्वाचनका लागि मतदान सामग्री र निर्वाचन कर्मचारी बोकेको जिप दुर्घटना
- मतदान अधिकृत डोरप्रसाद घिमिरे र असई पर्शुराम यादवको मृत्यु
- भीमबहादुर मानन्धर (शिक्षक), सम्बरबहादुर मानन्धर (चालक), कृष्णप्रसाद घिमिरे (शिक्षक), दुर्गा कार्की, सविना खड्का, केदारकुमार रोका र पूजादेवी सुनुवार गम्भीर घाइते
- घाइतेहरूलाई उपचारका लागि हेलिकप्टरबाट काठमाडौं ल्याइयो
- मकवानपुरमा निर्वाचन प्रहरीको मृत्यु, मृत्यु हुने निर्वाचन प्रहरीको संख्या पाँच पुग्यो

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** रामेछापमा निर्वाचन सामग्री बोकेर निर्वाचन केन्द्र जाँदै गरेको जिप सोमबार दुर्घटना हुँदा मतदान अधिकृत र प्रहरी सहायक निरीक्षकको मृत्यु भएको छ । सात जना गम्भीर घाइते भएका छन् ।

रामेछापका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाका अनुसार दुर्घटनामा गम्भीर घाइते भएका मतदान अधिकृत डोरप्रसाद घिमिरे र असई पर्शुराम यादवको मृत्यु भएको हो ।

घिमिरेको मन्थली अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । घिमिरेलाई रामेछाप-२ को वडा कार्यालय भवन, साँघुटार (ख) मतदान केन्द्रमा मतदान अधिकृतको रूपमा खटाइएको थियो । उनी रामेछाप नगरपालिका-३ स्थित साँघुटारस्थित रुद्राक्षश्वर माध्यमिक विद्यालयमा कार्यरत थिए । उनी निमावि द्वितीय तहका शिक्षक हुन् ।

असई यादवको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक (डिएसपी) राजन तिमिल्सनाले जानकारी दिए ।

रामेछाप नगरपालिका-२ देउरालीतर्फ जाँदै गरेको ना ७ ख ६७६८ नम्बरको निसान गाडी दुर्घटना भएको हो । दुर्घटनाका घाइतेहरू सात जनामध्ये तीन जना महिला र चार जना पुरुष छन् । प्रमुख जिल्ला अधिकारी थापाका अनुसार गम्भीर घाइते भीमबहादुर मानन्धर (शिक्षक), सम्बरबहादुर मानन्धर (चालक), कृष्णप्रसाद घिमिरे (शिक्षक), दुर्गा कार्की, सविना खड्का, केदारकुमार रोका र पूजादेवी सुनुवारलाई उपचारका लागि हेलिकप्टरबाट काठमाडौं सोमबार साँझ पठाइएको हो ।


क्रमशः पृष्ठ २ मा


प्रतिनिधिसभा सदस्य निर्वाचन

# सुरु भयो मौन अवधि

## ढुक्कसँग मतदानमा सहभागी हुन सरकारको अपिल

- सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै पनि विद्युतीय माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसार सामग्री पोस्ट वा सेयर गर्न वा गराउन निषेध
- निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदानस्थलमा २३ हजार ११२ मतदान र १४३ अस्थायी मतदानस्थल तय



**आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि बन्द गरिएको नेपाल-भारत सीमास्थित गड्डाचौकी नाका ।** *तस्बिर: रासस*

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** १५ दिने चुनावी प्रचारको रन्कोसँगै अब राजनीतिक दल र उम्मेदवारहरूले प्रचारप्रसार गर्न नपाउने भएको छ । फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्यको निर्वाचनअन्तर्गत मौन अवधि सोमबार मध्यराति १२ बजेदेखि सुरु भएको छ । यससँगै ४८ घन्टाका लागि प्रचारप्रचार निषेध गरिएको निर्वाचन आयोगले जानकारी दिएको छ ।

मतदान हुने दिनको अघिल्लो ४८ घण्टा अघिदेखि मतदानको दिन मतदान सम्पन्न भई मतदान केन्द्र बन्द नहुन्जेलसम्म आयोगबाट प्रचारप्रसार निषेध अवधि तोकिएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले बताए । प्रचारप्रसार निषेध अवधिमा उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने विशेष आचरण निर्वाचन आचारसंहिता, २०८२ मा उल्लेख छ ।

यही फागुन ४ गतेदेखि राजनीतिक दलले निर्वाचनका लागि प्रचारप्रसार गरी मत माग्दै आएका थिए । निर्वाचनमा सहभागिता जनाउन सहरबाट धमाधम गाउँ र आफ्नो मतदान केन्द्र रहेको क्षेत्रमा मतदाता जान थालेका छन् । मतदानका लागि जाने सवारी बढेसँगै विभिन्न राजमार्गमा चाप बढेको ट्राफिक प्रहरी कार्यालयहरूले जनाएका छन् ।

यसैगरी विदेशबाटसमेत मतदाताहरू निर्वाचनमा सहभागी हुन आइपुगेका छन् । फेब्रुअरीमामात्र डेढ लाख नेपाली विदेशबाट हवाईमार्गबाट फर्किएको अध्यागमन विभागले जनाएको छ । इजरायल-इरान द्वन्द्वका कारण हवाई मार्ग अवरुद्ध हुँदा केही मतदाता अझै मध्यपूर्वमा रोकिएका बताइएको छ ।



हामी सबै मिलेर लोकतन्त्रको रक्षा, सामाजिक न्यायको प्रवर्द्धन र विकासको यात्रालाई अझ सुदृढ बनाउने संकल्पका साथ यस ऐतिहासिक निर्वाचनमा सहभागी बनौं ।

**■ रामचन्द्र पौडेल**
राष्ट्रपति



भोट हाल्नु भनेको केवल चुनाव चिह्नमा छाप लगाई कसैलाई जिताएर पठाउनुमात्र होइन, यो त तपाईंले आफ्नो र आफ्नो सन्तानको भविष्य कस्तो बनाउने भनेर लिने निर्णय हो ।

**■ सुशीला कार्की**
प्रधानमन्त्री

### मतदानमा सहभागी हुन राष्ट्रपति र प्रधानमन्त्रीको अपिल

राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभा सदस्य निर्वाचनले विकास, समृद्धि, सामाजिक न्याय र उन्नतिको यात्रालाई नवीन ढंगले परिभाषित गर्दै नयाँ उचाइमा पुऱ्याउने विश्वास व्यक्त गरेका छन् ।


क्रमशः पृष्ठ २ मा


### मौन अवधिमा के-के गर्न पाइँदैन ?

मौन अवधिमा कुनै प्रचारप्रसार गरी मत माग्न पाइँदैन । यस अवधिमा राजनीतिक विज्ञापन, सामाजिक सञ्जालमा प्रचारप्रसार, कुनै किसिमको सन्देश सम्प्रेषणलगायत निर्वाचन प्रचारसँग सम्बन्धित कार्य गर्न निषेध गरिएको छ । मतदान हुने दिनको ४८ घण्टाअघि अर्थात् गएराति १२ बजे मतदानस्थलको ३०० मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसार सामग्री हटाउनुपर्ने व्यवस्था पनि गरिएको छ ।

यसैगरी सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै पनि विद्युतीय माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसार सामग्री पोस्ट वा सेयर गर्न वा गराउन निषेध गरिएको छ ।


क्रमशः पृष्ठ २ मा


सन्दर्भ: वैदेशिक रोजगार

# इरानी ड्रोन निष्क्रिय गर्दागर्दै अस्ताए दिवस

- जायद अन्तर्राष्ट्रिय विमानस्थलमा ड्रोन निष्क्रिय पार्दा गोरखाको भीनसेन थापा गाउँपालिका-७ ठाटीबजारका दिवस श्रेष्ठको मृत्यु
- शनिबार दिवसले फेसबुकमा लेखेको स्टाटस नै बन्यो अन्तिम सन्देश
- छुट्टीमा आएर बिहे गर्ने भनेका दिवसको सपना अधुरै
- इजरायल गएका ११ नेपाली विद्यार्थी मारिएको दुई वर्ष नबित्दै नेपालीलाई दु:खी तुल्याउने दिवसको मृत्यु खबर
- मध्यपूर्वका विभिन्न देशमा कार्यरत करिब १७ लाख नेपालीको सुरक्षा चिन्ता



**युएईमा आइतबार इरानले गरेको ड्रोन आक्रमणबाट मृत्यु भएका गोरखाका दिवस श्रेष्ठ ।** *तस्बिर: सामाजिक सञ्जाल*

**■ जेबी योञ्जन**

**काठमाडौं–** मध्यपूर्वमा द्वन्द्व चर्किंदै जाँदा युएईको आबुधाबीस्थित जायद अन्तर्राष्ट्रिय विमानस्थलमा दिवस श्रेष्ठ डच्युटीमा थिए । २९ वर्षीय दिवस सेक्युरिटी गार्ड थिए । उनको घर गोरखाको भीमसेन थापा गाउँपालिका-७ को ठाटीबजार हो ।

समाचार विवरणहरूमा शनिबार अमेरिका-इजरायलको संयुक्त आक्रमणपछि इरानले आबुधाबीसहित खाडी राष्ट्रहरूमा रहेका अमेरिकी सैन्य आधार शिविरहरूमा प्रत्याक्रमण गर्ने विवरण थियो । आबुधाबीमा आक्रमण थालेको भनिएको थियो । त्यहीँ रहेका दिवसले यस्तो समाचारको खण्डन गरे र फेसबुकमा लेखे, 'समाचार हेरेपछि मेरो ध्यानाकर्षण भयो । अबुधाबीको बासिन्दाका हिसाबले यहाँको अवस्था के छ मलाई थाहा छ । केही रिपोर्टहरू बढाइचढाइ भएर आएका छन् ।'

दिवसको त्यो स्टाटसमा आश्वस्त स्वर थियो । त्रास कम गर्ने प्रयास थियो । तर, नियतिले ठीक उल्टो निर्णय सुनायो । त्यही स्टाटस उनको जीवनको अन्तिम सन्देश बन्यो ।

इरानले गरेको ड्रोन आक्रमणमा परी संयुक्त अरब इमिरेट्सको राजधानी अबुधाबीस्थित जायद अन्तर्राष्ट्रिय विमानस्थलमा डच्युटी गरिरहेका दिवसले ज्यान गुमाए । विदेशी भूमिमा उनी कहिल्यै नफर्किने गरी अस्ताए ।

सामान्य परिवारमा जन्मिएका दिवसले काठमाडौंमा ओभरसियर अध्ययन गरेका थिए । घरको आर्थिक अवस्था मध्यम थियो । भविष्यलाई उज्ज्वल बनाउन विदेश गएका थिए । बुबा चामबहादुरकाअनुसार दिवस मिहेनती थिए । उनी तीन वर्षअघि वैदेशिक रोजगारीका लागि युएई पुगेका हुन् । अबुधाबीको व्यस्त जीवन, विमानस्थलको सुरक्षा जिम्मेवारी र दिनरातको डच्युटी नै उनको दैनिकी थियो ।

गत असोजमा बिदामा घर फर्किएका दिवसले परिवारसँगै दसैं-तिहार मनाए । गाउँका साथीभाइसँग भेटघाट गरे । चामबहादुर भन्छन्, 'अर्को छुट्टीमा आउँदा बिहे गर्छु भन्थे । खै के भयो भयो ।'

दिवस चामबहादुर दम्पतीका एक्ला छोरा हुन् । चामबहादुरसँग उनको कुराकानी शनिबार साँझ भएको थियो । त्यसबेला दिवसले भनेको सम्झँदै भन्छन्, 'सबै ठीक छ यहाँ । आत्तिनुपर्दैन ।'



हामी हरदम तपाईंहरूको साथमा छौं । नेपाली जहाँ रहे पनि प्रत्येक नागरिकको व्यक्तिगत सुरक्षा र हितको रक्षामा सरकार प्रतिबद्ध छ ।

**■ सुशीला कार्की**
प्रधानमन्त्री

तर, आइतबार बिहानदेखि दिवसको फोन उठेन । सोमबार भने दिवसको मृत्यु भएको खबर थाहा पाउँदा होस् उडेजस्तो भएको चामबहादुरले बताए । अबुधाबीस्थित नेपाली दूतावासका अनुसार दिवसको मृत्यु जायद अन्तर्राष्ट्रिय विमानस्थलमा ड्रोन निष्क्रिय पार्ने क्रममा भएको हो । दूतावासले युएई सरकारसँग समन्वय गरी शव नेपाल ल्याउने प्रक्रिया अघि बढाएको जनाएको छ ।

दूतावासको यो खबरले गोरखाको ठाटीबजारमात्रै होइन, सिंगो नेपाली समुदायलाई स्तब्ध तुल्याएको छ । संयुक्त अरब इमिरेट्ससहित मध्यपूर्वका विभिन्न देशमा लाखौं नेपाली कार्यरत छन् । त्यहाँको युद्ध, राजनीतिक तनाव वा आतंककारी गतिविधिसँग नेपालीहरूको प्रत्यक्ष सरोकार नभए पनि उनीहरू जोखिमको घेरामा पर्छन् ।


क्रमशः पृष्ठ २ मा


### शोकमा डुब्यो बोर्लाङ ठाँटी

**गोरखा–** घरको आर्थिक अवस्था सुधार्न चार वर्षअघि संयुक्त अरब इमिरेट्स (युएई)को दुबई पुगेका थिए दिवस श्रेष्ठ । भीमसेन थापा गाउँपालिका-७ बोर्लाङ ठाँटीका २९ वर्षीय दिवस चामबहादुर र पवित्राको एकमात्र छोरा हुन् । दिवस गत वर्षको दसैंमा घर आएका थिए ।

गाउँकै सरस्वती माध्यमिक विद्यालयबाट एसइई उत्तीर्ण गरेका श्रेष्ठले काठमाडौंबाट 'ओभरसियर'को अध्ययन पूरा गरेका थिए । देशमै रोजगारी नपाएपछि विदेसिनुएका उनले आगामी दसैंमा भने घर फर्केर विवाह गर्ने योजना सुनाएका थिए । श्रेष्ठ दम्पतीको पनि बुहारी भित्र्याउने सपना थियो । तर त्यो सपना सदाका लागि अधुरोमात्रै भएन छोरा नै गुमाएपछि अहिले निशब्द छन् उनीहरू ।

अघिल्लो दिन अर्थात् शनिबार साँझसम्म 'भिडियो कल' मा कुराकानी गरेको छोरा भोलिपल्टै सदाका लागि अस्ताउँलान् भन्ने बुबाआमालाई थाहा हुने कुरै भएन । तर आइतबार युएईमा इरानको ड्रोन आक्रमणमा परी श्रेष्ठको निधन भयो ।

मृतक दिवसका काका प्रदीप श्रेष्ठका अनुसार दिवस मिडल इस्ट कम्पनीमार्फत सेक्युरिटी गार्डका रूपमा दुबई पुगेका थिए । 'अस्तिको दिन बेलुकीमात्र घरपरिवारसँग भिडियोमा कुराकानी भएको रहेछ । त्यहाँको अवस्था सामान्य भए पनि आकाशमा मिसाइल पड्किरहेको छ भनेर बुबालाई भनेको थियो रे,' काका प्रदीपले भने, 'त्यसपछि फोन सम्पर्क नभएको रहेछ । उसका साथीभाइसँग बुझ्दा भागदौड भएर मोबाइल हराएको र खुट्टामा चोट लागेको भन्ने खबर पाएका रहेछन् ।' युएईस्थित नेपाली दूतावासबाट सोमबारमात्रै छोराको मृत्यु भएको खबर औपचारिकरूपमा उनीहरूले प्राप्त गरे ।


क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## सुरू भयो...

सोमबार राष्ट्रका नाममा सम्बोधन गर्दै राष्ट्रपति पौडेलले निर्वाचन पछिल्ला उपलब्धिको रक्षा र प्रवर्द्धन गर्दै नयाँ सम्भावनातर्फ अघि बढ्ने युगीन आवश्यकता भएको उल्लेख गरे । 'निर्वाचन हाम्रो राजनीतिक इतिहासको एक जटिल परिस्थितिको निकासका रूपमा हुन गइरहेको छ । यो निर्वाचन केवल प्रतिनिधि चयन गर्ने संवैधानिक प्रक्रियामात्र नभई संघीय लोकतान्त्रिक गणतन्त्रको यात्रालाई अझ व्यापक, विश्वसनीय र सुदृढ बनाउने ऐतिहासिक अवसर हो । त्यसैले यो निर्वाचनलाई सफल बनाउनु हाम्रो साझा काम र ऐतिहासिक दायित्व हो,' राष्ट्रपति पौडेलले भने ।

पौडेलले सबै राजनीतिक दल, उम्मेदवार, नागरिक समाज, सञ्चारमाध्यम र सम्बन्धित निकायलाई निर्वाचन प्रक्रियालाई शान्तिपूर्ण, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न पूर्णप्रतिबद्ध रहन आग्रह गरे । राष्ट्रपति पौडेलले मतभिन्नता स्वाभाविक भए पनि सहिष्णुता, मर्यादा र विधिको शासनप्रति सम्मान हाम्रो साझा मूल्य हुनुपर्नेमा जोड दिए । 'हामी सबै मिलेर लोकतन्त्रको रक्षा, सामाजिक न्यायको प्रवर्द्धन र विकासको यात्रालाई अझ सुदृढ बनाउने संकल्पका साथ यस ऐतिहासिक निर्वाचनमा सहभागी बनौं,' राष्ट्रपति पौडेलले भने ।

प्रधानमन्त्री सुशीला कार्कीले देशलाई राजनीतिक स्थायित्व र समृद्धिको मार्गमा अघि बढाउनका लागि सबै मतदातालाई प्रतिनिधिसभा निर्वाचनमा सरिक हुन आह्वान गरेकी छन् । सोमबार प्रधानमन्त्री कार्कीले राष्ट्रका नाममा सम्बोधन गर्दै आफ्नो र आफ्नो सन्तानको भविष्य कस्तो बनाउने भनेर निर्णय लिन आह्वान गरेकी हुन् । 'भोट हाल्नु भनेको केवल चुनाव चिह्नमा छाप लगाई कसैलाई जिताएर पठाउनुमात्र होइन, यो त तपाईंले आफ्नो र आफ्नो सन्तानको भविष्य कस्तो बनाउने भनेर लिने निर्णय हो,' कार्कीले भनिन् ।

यही फागुन २१ गते बिहीबारका दिन अरू काम छाडेरै भए पनि आफ्नो मतदान केन्द्रमा पुगेर मतदान गर्न प्रधानमन्त्री कार्कीले आग्रह गरिन् । जेन-जी आन्दोलनपछिको परिस्थिति जटिल, संवेदनशील र चुनौतीपूर्ण रहेको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले भनिन्, 'त्यो कठिन संक्रमणलाई व्यवस्थापन गर्दै, हिंसात्मक मोडबाट शान्तिपूर्ण निकासतर्फ देशलाई डोऱ्याउनु र संविधानको बाटोमा फर्काउनु हाम्रो पहिलो कर्तव्य थियो ।'

### सुरक्षा व्यवस्था भरपर्दो बनाइएको छः गृहमन्त्री

गृहमन्त्री ओमप्रकाश अर्यालले निर्वाचन प्रचारप्रसार निषेध अवधिको सुरक्षा व्यवस्था चुस्त बनाइएको बताएका छन् । प्रतिनिधिसभा सदस्य निर्वाचनको समग्र तयारी, सुरक्षा व्यवस्था, आचारसंहिताको परिपालना र कार्यान्वयनबारे निषेध अवधि सुरु हुने पूर्वसन्ध्यामा आयोग कार्यालय बहादुर भवनमा गृहमन्त्री अर्यालले निर्वाचन सुरक्षालाई भरपर्दो र प्रभावकारी बनाइएको बताउँदै ढुक्क भएर मतदान गर्न सकिने व्यवस्था गरिएको जानकारी दिए । मन्त्री अर्यालले निर्वाचनको प्रभावकारी सुरक्षा व्यवस्थापनका लागि सबै सुरक्षा संयन्त्र र सरोकारवाला निकायबीचको समन्वय भइरहेकाले भयरहित वातावरणमा निर्वाचन हुने बताए ।

निर्वाचन कार्यतालिकाअनुसार फागुन २१ गते बिहान ७:०० बजेदेखि साँझ ५:०० बजेसम्म मतदान हुँदै छ । बिहीबार हुने निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष)तर्फ ६१ वटा निर्वाचन चिह्नमा ६५ वटा राजनीतिक दलले प्रतिस्पर्धा गर्दै छन् । प्रत्यक्षतर्फ तीन हजार १७ पुरुष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

त्यस्तै सामानुपातिक निर्वाचन प्रणालीतर्फ एक हजार ३६३ पुरुष र एक हजार ७७२ महिला गरी तीन हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा छन् । प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० स्थानका लागि निर्वाचन हुने छ ।

यसपटकको निर्वाचनमा ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजार १३१ महिला र २०० अन्य गरी एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता छन् । यस्तै एक लाख ८६ हजार १४२ अस्थायी मतदाता कायम भएको आयोगले जनाएको छ ।

■■■

## मौन...

भाषण, भेला, छलफल, समीक्षालगायत निर्वाचनलाई प्रभाव पार्ने गरी कुनै पनि गतिविधि गर्न नपाइने आयोगले जनाएको छ । मौन अवधिमा निर्वाचनलाई प्रभाव पार्ने हिसाबले आर्थिक कारोबार गरिएको भेटिएमा उम्मेदवारी खारेजीमात्रै नभई छ वर्षसम्म कुनै पनि निर्वाचन प्रक्रियामा भाग लिन नपाउने कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले जानकारी दिए ।

निर्वाचनलाई प्रभाव पार्ने गतिविधिमाथि शून्य सहनशीलताको नीति अवलम्बन गरिने आयोगले स्पष्ट पारेको छ । मौन अवधिले स्वच्छ र स्वतन्त्र वातावरणमा विवेकपूर्ण ढंगले मतदान गर्न मतदातालाई अवसर सिर्जना गर्ने अपेक्षा गरिएको छ । निर्वाचन व्यवस्थापन गर्ने निकायलाई सबै किसिमको बन्दोबस्त गरेर शान्ति, सुरक्षा र सुव्यवस्थासहित भयसहित वातावरणमा निर्वाचन गर्न मौन अवधि महत्त्वपूर्ण रहन्छ ।

भयरहित वातावरणमा प्रभावकारी ढंगले निर्वाचन सम्पन्न गर्ने र मतदातालाई सुसूचित भई सचेततापूर्वक खुला दिमागले 'योग्य र रोजेको' उम्मेदवारलाई मतदान गर्नका निम्ति निर्णयमा पुग्न प्रदान गरिएको समयका रूपमा मौन अवधिलाई लिइने पूर्वप्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया बताउँछन् । उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले मौन अवधिमा विशेष आचरण पालना गर्नुपर्ने निर्वाचन आयोगले जनाएको छ । मौन अवधि सुरु हुनुभन्दा अगाडि मतदान केन्द्रको ३०० मिटर वरिपरि राखिएका आ-आफ्ना निर्वाचन चिह्न तथा प्रचारप्रसारका सामग्री हटाएको हुनुपर्ने निर्वाचन आचारसंहितामा उल्लेख छ ।

यो अवधिमा एसएमएस, फेसबुक, भाइबरजस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालमार्फत मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न पाइने छैन । त्यस्तै उम्मेदवार वा राजनीतिक दलको प्रचारप्रसार हुने गरी कुनै समाचार वा सूचना प्रकाशन वा प्रसारण गर्न पाइँदैन ।

■■■

## रामेछाप...

गाडीमा निर्वाचन अधिकृत, सहायक कर्मचारी र सुरक्षाकर्मीसहित मतपेटिका र आवश्यक कागजात रहेका थिए । सोही गाडी भिरबाट खसेको डिएसपी तिमिल्सिनाले जानकारी दिए ।

सोमबार नै चितवनमा एक जना निर्वाचन प्रहरीको मृत्यु भएको छ । पिकअप गाडीको ठक्करबाट गम्भीर घाइते भएका रौतहट फतुवा विजयपुर नगरपालिका-७ घर भएका २४ वर्षीय पवन साहको उपचारका क्रममा पुरानो मेडिकल कलेज चितवनमा मृत्यु भएको हो । उनलाई यही १४ फागुनमा मकवानपुरको हेटौंडा उपमहानगरपालिका-८ करौ पुलनजिक पिकअप गाडीले ठक्कर दिएको थियो ।

उता बैतडीमा एकै महिनामा तीन जना निर्वाचन प्रहरीको मृत्यु भएको छ । गत सोमबार मेलौली नगरपालिका-६, बैतडीका ३८ वर्षीय राजेन्द्रप्रसाद भट्टको मृत्यु भयो । जिल्ला प्रहरी कार्यालय बैतडीका प्रवक्ता सुरज सिंहका अनुसार भट्ट इलाका प्रहरी कार्यालय मेलौलीमा कार्यरत थिए । सोमबार साँझ ड्युटी सकेर घर फर्किएका उनी घरमै एक्कासि बेहोस भए । उपचारका लागि स्वास्थ्य केन्द्र पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरे । बैतडीमा यही फागुन ८ गते दशरथचन्द नगरपालिका-४ बबेत घर भएका ३८ वर्षीय महादेव वडको मृत्यु भएको थियो । उनी घरमै अचेत भएर ढलेका थिए ।

यसैगरी गत माघ २० गते दशरथचन्द नगरपालिका-४ का ३२ वर्षीय प्रकाश चन्दको तालिम सकेर फर्किने क्रममा भिरबाट लडेर मृत्यु भएको थियो ।

■■■

## इरानी...

यसअघि २० असोज २०८० मा इजरायलमा प्यालेस्टाइनी सशस्त्र समूह हमासको आक्रमणमा १० जना नेपाली विद्यार्थीको मृत्यु भएको थियो । कैलालीका नारायणप्रसाद न्यौपाने, गणेशकुमार नेपाली, आशिष चौधरी, दार्चुलाका दीपेशराज विष्ट, धनुषाका आनन्द साह, सुनसरीका राजेशकुमार स्वर्णकार, डोटीका राजन फुलारा र पदम थापा, सल्यानका प्रवेश भण्डारी तथा दार्चुलाका लोकेन्द्रसिंह धामीको मृत्यु भएको थियो ।

हमास समूहले त्यही दिन नियन्त्रणमा लिएर लगेका विपीन जोशीको गत असोज अन्तिम साता मृत्यु भएको खबर आएको थियो । जोशीसँगै ११ नेपाली विद्यार्थीले ज्यान गुमाए । चार नेपाली घाइते भएका थिए ।

यतिबेला भने मध्यपूर्वी देशहरूमा द्वन्द्व थप चर्किएसँगै नेपालीको सुरक्षालाई लिएर झनै चिन्ता बढेको छ । सोमबार प्रधानमन्त्री सुशीला कार्कीले राष्ट्रका नाममा सम्बोधन गर्दै सरकार नागरिकको सुरक्षाप्रति कटिबद्ध रहेको बताएकी छन् । 'नेपाली जहाँ रहे पनि प्रत्येक नागरिकको व्यक्तिगत सुरक्षा र हितको रक्षामा सरकार प्रतिबद्ध छ,' मध्यपूर्वका देशहरूमा रहेका नेपालीहरूप्रति ढाडस दिँदै उनले भनिन् ।

खाडी मुलुकहरूमा रहेका सबै नेपाली नियोगहरूलाई सुरक्षा सहजीकरणमा कुनै कमी हुन नदिन सक्रिय बनाइएको र परराष्ट्र मन्त्रालयले सघन अनुगमन गरिरहेको प्रधानमन्त्री कार्कीले बताइन् ।

अमेरिका र इजरायलले इरानमाथि शनिबार संयुक्त आक्रमण गरेर त्यहाँका सर्वोच्च नेता आयतोल्लाह अलि खामेनीसहित थुप्रै वरिष्ठ राजनीतिक र सैन्य अधिकारीहरू मारेपछि मध्यपूर्वमा तनाव झनै गहिरिएको छ ।

परराष्ट्र मन्त्रालयका अनुसार मध्यपूर्वका १६ मध्ये १३ देशमा करिब १७ लाख २९ हजारभन्दा बढी नेपाली कार्यरत छन् । इजरायलमा करिब छ हजार ५०० र इरानमा छ जना नेपाली रहेको जानकारी दिइएको छ । युएईमामात्र करिब सात लाख नेपाली छन् । साउदी अरेबियामा तीन लाख ८४ हजारभन्दा बढी, कतारमा तीन लाख ५७ हजारभन्दा बढी, कुवेतमा एक लाख ७५ हजार, ओमानमा २५ हजार, बहराइनमा २८ हजार, इराकमा ३० हजार, जोर्डनमा तीन हजार र लेबनानमा एक हजार ५०० नेपाली रहेका परराष्ट्र मन्त्रालयको तथ्यांक छ ।

सम्भावित जोखिमलाई मध्यनजर गर्दै सरकारले अनलाइन रजिस्ट्रेसन प्लेटफर्म र कन्सुलर एप्स सञ्चालनको तयारी थालेको छ । परराष्ट्रसचिव अमृतबहादुर राईको नेतृत्वमा गृह र श्रम मन्त्रालयसहित बहुपक्षीय आपतकालीन उद्धार संयन्त्र गठन गर्ने तयारी भइरहेको छ ।

यसबीच श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले साउदी अरेबिया, युएई, कतार, कुवेत, बहराइन, ओमान, इराक, यमन, जोर्डन, लेबनान, टर्की र इजरायल गरी १२ देशका लागि श्रम स्वीकृति दिने कार्य स्थगित गरेको छ । यससँगै दैनिक करिब १५ सय नेपाली वैदेशिक रोजगारीका लागि बाहिरिने क्रम प्रभावित भएको छ । विश्वराजनीति र सैन्य टकरावको केन्द्र बनेको मध्यपूर्वको संकटले हजारौं नेपाली परिवारलाई अनिश्चितता र त्रासमा धकेलेको छ ।

■■■

## शोकमा...

दिवसको मृत्युको खबरले अहिले ठाँटी गाउँ शोकमा डुबेको छ । प्रदीप भन्छन्, 'गाउँको युवा, सबैसँग मिल्ने, अत्यन्त इमान्दार, मिजासिलो थियो । उसको आमाबुबाको कोखै रित्तियो ।'

हाल गाउँमा बुबा चामबहादुर र दिवसका हजुरआमा छन् । आमा पवित्रा भने छोरी भेट्न काठमाडौं गएको बोर्लाङका वडाध्यक्ष नारायण श्रेष्ठले बताए । 'घरमा बेहाल छ । आमा र दिदी पनि यतै आउने कि बाबुको शव लिएर आउने भन्ने सल्लाह हुँदै छ । उताबाट शव कहिले आउँछ त्यसको पनि ठेगान छैन,' उनले भने ।

अबुधाबीस्थित नेपाली राजदूतावासले सोमबार एक सूचना जारी गर्दै अबुधाबीस्थित जायद अन्तर्राष्ट्रिय विमानस्थलमा ड्रोन निष्क्रिय पार्ने क्रममा भएको घटनामा गोरखाका २९ वर्षीय दिवस श्रेष्ठको मृत्यु भएको पुष्टि गरेको हो । उनको मृत्युबारे युएईको परराष्ट्र मन्त्रालयबाट आधिकारिक जानकारी प्राप्त भएको राजदूतावासले जनाएको छ । *रासस*

# थकाली समुदायमा 'तोरनल्ह' पर्वको रौनक

**म्याग्दी (प्रस)**– म्याग्दी र मुस्ताङमा बसोबास गर्ने अल्पसंख्यक थकाली समुदायमा तोरन ल्ह (फागूपूर्णिमा) पर्वको रौनक छाएको छ ।

नेपालका विभिन्न क्षेत्रमा ११ हजार जनाको संख्यामा बसोबास गर्ने थकाली समुदायले हरेक वर्ष फागूपूर्णिमाको अवसरमा परम्परागत तोरनल्ह पर्व मनाउने गर्दछन् । फागूपूर्णिमाको अघिल्लो दिन सुरु हुने तोरनल्ह तीन दिनसम्म मनाउने चलन रहेको थकाली सेवा समिति बेनी क्षेत्रका अध्यक्ष सुन्दरमान शेरचनले बताए ।

'तीन दिन सबैरे उठेर चोखो निष्ठ भएर पितृलाई सम्झिएर पूजाआजा गर्ने र फूलप्रसाद चढाउनुपर्छ,' उनले भने, 'आफन्तहरूलाई बोलाएर मिठामिठा परिकार खुवाउने र आर्चरी (तारो हान्ने) खेल्ने चलन छ ।'

मुस्ताङको थासाङ गाउँपालिकाको कोवाङ थकाली समुदायको उद्गमस्थल मानिन्छ । घरपझोङ र थासाङ गाउँपालिकामा थकाली समुदायको बाहुल्य बसोबास छ । म्याग्दीको दाना, भुरुङ तातोपानी, बेनी, दरवाङलगायत बजार क्षेत्रमा थकाली समुदायको बसोबास छ । तोरन ल्ह मनाउन घरबाहिर र विदेशमा रहेका थकालीय आफ्नो जन्मथलो फर्किएका छन् । तोरन ल्हमा थकाली समुदायले घर सिंगारपटार गरेका छन् ।

तोरन्ल्ह पर्वको अवसरमा थकाली समुदायका पुरुष परम्परागत तारो हान्ने खेल खेलेर रमाइलो गर्दछन् । महिला भने मौलिक वेषभूषामा सजिएर नाचगान गर्ने, गोटा खेल्ने र शुभकामना साटासाट गरेर तोरन्ल्ह मनाउँछन् । थकाली सेवा समिति बेनी क्षेत्रको आयोजनामा बेनीमा आइतबारदेखि तारो हान्ने प्रतियोगिता सुरु भएको छ । यस वर्ष चुनावको समय भएकाले निर्वाचन आचारसंहिताको पालना गरेर थकाली समुदायका सदस्यमात्र भेला भएर तोरन्लह पर्व मनाइरहेको थकाली सेवा समितिका शंकरमान शेरचनले बताए ।


**लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/११/१९**

यस सा.व.उ.स.बाट संकलित खयर काठ ५१.७७ क्यु फिट (हर्ट उड) लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो १५ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**जोगीडाँडा सा. वन उपभोक्ता समूह, म्याग्दे ६, तनहुँ**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रोपटक प्रकाशित मिति : २०८२/११/१९ गते**

यस कम्पनीको मिति २०८२/११/१० को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **काजामा इन्टरप्राइजेज प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/११/१२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **काजामा मल्टिपर्पोज प्रा.लि. (प्रा.लि.नं. ३१९४२८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०६/०४ मा दर्ता कायम भएको **महागुरु मिडिया नेटवर्क प्रा.लि.** (प्रा.लि.नं. १५६२१८/२०७३/०७४) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२/११/१५ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/०९/०४ मा दर्ता कायम भएको **पोखरा सिटी बोरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि.** (प्रा.लि.नं. ७८६२०/२०६७/०६८) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२/११/१५ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**


## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**मंगलबार, १९ फागुन, २०८२**

| | |
|---|---|
| **मेष** | मन उदास रहनेछ । विश्वासपात्रबाट धोका मिल्न सक्छ । |
| **वृष** | अनावश्यक चिन्ताले सताउनेछ । काममा ढिला सुस्ती हुनेछ । |
| **मिथुन** | नयाँ नयाँ विचार आउनेछ । धैर्यताका साथ अघि बढ्नु उचित हुन्छ । |
| **कर्कट** | आत्मविश्वासमा कमि आउन सक्छ । सोचेर अघि बढ्नु उचित हुन्छ । |
| **सिंह** | मनमा ग्लानी उत्पन्न हुन सक्छ । गलत सङ्गतबाट जोगिनु राम्रो हुन्छ । |
| **कन्या** | बौद्धिकतामा वृद्धि भएर जानेछ । समाजमा सम्मान मिल्ने सम्भावना छ । |
| **तुला** | अनिर्णयको बन्धी हुन सकिन्छ । आफुभन्दा ठुलाको कुरा सुनेर कार्य गर्नुहोला । |
| **वृश्चिक** | अहंकार बढेर जान सक्छ । बोल्नु भन्दा सुन्नु राम्रो हुन्छ । |
| **धनु** | दौडधुप बढ्नेछ । इष्टमित्रको साथ सहयोग प्राप्त हुनेछ । |
| **मकर** | कडा परिश्रम गर्नुपर्नेछ । दिन सामन्य रहनेछ । |
| **कुम्भ** | आडम्बरीपन बढेर जानेछ । शास्त्रोक्त विचारलाई अवलम्बन गर्नु उचित हुन्छ । |
| **मीन** | पुराना कुरा र पुराना सम्बन्धले मन व्यथित बन्नेछ । काममा मन जानेछैन । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१९ फागुन, २०८२ (०३ मार्च, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४५.२७ | १४५.८७ |
| युरो | १ को | १७१.६२ | १७२.३३ |
| पाउन्ड स्टर्लङ | १ को | १९५.९० | १९६.७१ |
| स्विस फ्रैन्क | १ को | १८८.९४ | १८९.७२ |
| अस्ट्रेलियन डलर | १ को | १०३.३७ | १०३.८० |
| क्यानाडियन डलर | १ को | १०६.४७ | १०६.९१ |
| सिङ्गापुर डलर | १ को | ११४.८४ | ११५.३१ |
| जापानी येन | १० को | ९.३१ | ९.३५ |
| चिनियाँ युआन | १ को | २१.१८ | २१.२७ |
| साउदी अरब रियाल | १ को | ३८.७३ | ३८.८९ |
| कतारी रियाल | १ को | ३९.८५ | ४०.०२ |
| थाई भाट | ख १ को | ४.६८ | ४.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.५५ | ३९.७१ |
| मलेसियन रिङ्गेट | १ को | ३७.३३ | ३७.४९ |
| दक्षिण कोरियन वन | १०० को | १०.०९ | १०.१३ |
| स्विडिस क्रोनर | १ को | १६.०९ | १६.१५ |
| डेनिस क्रोनर | १ को | २२.९७ | २३.०६ |
| हङकङ डलर | १ को | १८.५७ | १८.६५ |
| कुवेती दिनार | १ को | ४७५.५२ | ४७७.४८ |
| बहराइन दिनार | १ को | ३८५.२९ | ३८६.८८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# तस्बिरमा होलीको रौनक














तस्बिरहरूः रासस

१) रङहरूको पर्व फागुपूर्णिमा (होली)का अवसरमा सोमबार काठमाडौंको वसन्तपुर दरबार क्षेत्रमा रङ खेल्दै उत्सव मनाउन आएका नागरिकको घुइँचो ।

२) र ३) काठमाडौंको बसन्तपुरमा रङ खेलेर रमाउँदै विदेशी पर्यटक ।
४) होलीका अवसरमा सोमबार पोखराको माटेपानीमा रङ खेलेर रमाइलो गर्दै बालबालिका ।

# आज ग्रस्तोदितखण्डग्रास चन्द्रग्रहण



**काठमाडौं–** फाल्गुन शुक्ल पूर्णिमाका दिन आज बेलुकी ग्रस्तोदितखण्डग्रास (उदाउँदै ग्रहणले करिब आधा भाग ढाकिने) चन्द्रग्रहण लाग्ने भएको छ । नेपाल पञ्चांग निर्णायक विकास समितिका अनुसार ग्रहणले मंगलबार दिउँसो ३ बजेर ३४ मिनेटमा स्पर्श गर्ने समितिले स्वीकृति दिएको पात्रो (पञ्चांग)मा उल्लेख गरिएको छ । चन्द्रग्रहण स्पर्श हुँदा खग्रास भए पनि नेपालमा चन्द्रोदय भएपछि भने खण्डग्रास देखिने समितिका अध्यक्ष प्रा शम्भुप्रसाद ढकालले जानकारी दिए । बेलुकी ६ बजेर ३ मिनेट जाँदा चन्द्रोदय हुँदा नै ग्रस्तोदितखण्डग्रास भएकै अवस्थामा उदय हुने छ । बेलुकी ७ बजेर २ मिनेटमा चन्द्रग्रहण सकिन्छ । नेपालबाट करिब एक घण्टा चन्द्रग्रहण देखिने छ ।

पृथ्वीले सूर्यलाई पूर्णरूपमा छेक्दा पूरा चन्द्रमा ढाकिने अवस्था खग्रास चन्द्रग्रहण हो । आधा वा केही खण्ड ढाकिने खण्डग्रास चन्द्रग्रहण हो । पृथ्वी, सूर्य र चन्द्रमा एउटै सूत्रमा पर्दा पृथ्वीको छायाँ चन्द्रमामा पर्नु नै चन्द्रग्रहण हो । यो ग्रहण यस वर्ष नेपालबाट दोस्रोपटक ग्रहण देखिन लागेको हो । यसअघि गत भदौ २२ गते खग्रास चन्द्रग्रहण लागेको थियो । चन्द्रग्रहण पूर्णिमा र सूर्यग्रहण औंसी तिथिमा लाग्ने गर्छ ।

ग्रहणका बेला जप, स्नान, ध्यान, पाठलगायत कर्म गर्दा फलदायी हुने शास्त्रीय वचन छ । ग्रहणका समयमा दीक्षा मन्त्र लिन पनि उत्तम मानिन्छ । ग्रहणका बेला सकेसम्म तीर्थस्थलमा नसके नजिकको नदी, ताल, तलाउ, पोखरी यति पनि सम्भव नभए घरमै स्नान गर्नुपर्ने निर्णय सिन्धु, हेमाद्री, कालमाधव, वीरमित्रोदयलगायत धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ ।

सूर्य ग्रहणमा चार प्रहर (१२ घण्टा) र चन्द्रग्रहणमा तीन प्रहर (नौ घण्टा) अघिदेखि सुतक लाग्ने धर्मशास्त्रविद् प्रा तोयराज नेपालले बताए । सुतक लागेपछि भोजन गर्नु नहुने धार्मिक विश्वास छ । ग्रहणमा बालबालिका, वृद्धवृद्धा र बिरामीबाहेकलाई शास्त्रीयरूपमा भोजन निषेध गरिएको पनि उनले बताए ।

मंगलबार बिहान ९:०३ बजेपछि बालबालिका, वृद्धवृद्धा र आतुरबाहेकले भोजन गर्नु नहुने शास्त्रीय मान्यता रहेको समितिले स्वीकृति दिएको पात्रोमा उल्लेख छ ।

## विशेष उपकरणविना नै हेर्न सकिन्छ चन्द्रग्रहण

विश्वमा सन् २०२६ मा लाग्ने दुई चन्द्रग्रहण र दुई सूर्यग्रहण गरी जम्मा चार ग्रहणमध्ये नेपालबाट भने भोलिको चन्द्रग्रहण खण्डग्रास चन्द्रग्रहणका रूपमा देखिने छ । मौसमले साथ दिएका खण्डमा देशका सबै भागबाट उक्त खण्डग्रास चन्द्रग्रहण प्रस्ट देख्न सकिने खगोलको क्षेत्रमा काम गर्दै आएको नेपाल एस्ट्रोनोमिकल सोसाइटीले जनाएको छ । चन्द्रग्रहण हेर्न कुनै विशेष उपकरणको आवश्यकता पर्दैन ।

मंगलबार नेपालमा चन्द्रोदयपछि बेलुकी ०७:०२ बजेसम्म लाग्ने खण्डग्रास चन्द्रग्रहण मौसमले साथ दिएमा प्रस्ट रूपले हेर्न सकिने छ । सन् २०२६ मा नेपालबाट देख्न सकिने यो एकमात्र ग्रहण भएको नेपाल एस्ट्रोनोमिकल सोसाइटीका अध्यक्ष सुरेश भट्टराईले जानकारी दिए । ग्रहण अवलोकन आफ्नो घरको छत, वा खुला चौर वा नजिकैको डाँडा आदिबाट गर्न सकिने छ । चन्द्रोदयसँगै नेपालमा सुरू हुने यो ग्रहण हेर्न नजिकैको उच्च भूगोल उत्तम हुने उनले बताए ।

पृथ्वीले सूर्यलाई परिक्रमा गरिरहँदा चन्द्रमाले पनि पृथ्वीलाई परिक्रमा गरिरहेको हुन्छ । यस क्रममा पृथ्वी जब सूर्य र चन्द्रमाको बीचमा पर्न जान्छ, तव पृथ्वीको छाँया चन्द्रमामा पर्दछ । चन्द्रमाको आफ्नो प्रकाश नभएका कारण पृथ्वीको उक्त छायाँले चन्द्रमा छेकिन्छ, यसलाई नै चन्द्रग्रहण भनिन्छ । सूर्य, पृथ्वी र चन्द्रमा पूर्णिमा वा औंसीको समयमा एउटै सरल रेखामा पर्नसक्ने भए पनि सबै पूर्णिमा चन्द्रग्रहण सम्भव हुँदैन किनभने चन्द्रमाको कक्षीय धरातलले पृथ्वीको कक्षीय धरातलमा करिब पाँच डिग्रीको कोण बनाएको हुन्छ । यस्तै चन्द्रमाको कक्षले पृथ्वीको कक्षीय धरातललाई दुई बिन्दुमा काटेको हुन्छ । यी दुई बिन्दुलाई प्राचीन ज्योतिष शास्त्रमा राहु र केतु नाम दिइएको उनले बताए । *रासस*

# देशभर मतदाता शिक्षा कार्यक्रम सम्पन्न

**काठमाडौं (प्रस)–** निर्वाचनको महत्त्व र मतदान प्रक्रियाकाबारेमा जानकारी गराउने र बदर मत घटाउने उद्देश्यका साथ निर्वाचन आयोगले देशभर सञ्चालन गरेको मतदाता शिक्षा कार्यक्रम सम्पन्न भएको छ ।

आयोगले देशभरका छ हजार ७४३ वटै वडामा एकैपटक मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो । आयोगको स्वीकृत कार्यक्रमअनुसार यही फागुन ३ गतेदेखि सुरु भएको मतदाता शिक्षा देशभरका ७५३ स्थानीय तहका सबै वडामा आइतबार सम्पन्न भएको हो । हरेक वडामा मतदाता शिक्षा कार्यक्रमका लागि मतदाता शिक्षा स्वयंसेवक परिचालन गरिएको थियो ।

निर्वाचन आयुक्त डा. जानकीकुमारी तुलाधरले मतदाताको घरदैलोमा पुग्न सक्ने र आमनागरिकबीच भिजेका इमान्दार स्वयंसेवकका कारण यो कार्यक्रम भव्यरूपमा सम्पन्न भएको बताइन् । उनले महिला स्वास्थ्य स्वयम्सेविकाको योगदानको प्रशंसा गर्दै लक्षित कार्यक्रम सफल भएको उल्लेख गरिन् ।

मतदाता शिक्षा प्रदान गर्न स्वास्थ्य स्वयम्सेविकालाई २०७९ को आमनिर्वाचनदेखि जिम्मा दिन थालिएको थियो । यसपटक पनि यस प्रयोजनका लागि उनीहरूहरूलाई नै जिम्मेवारी दिइएको थियो ।

आममतदाताको बस्ती र घरदैलोमा पुगेर नमूना मतपत्रका माध्यमबाट निर्वाचनको महत्त्व र मतदान प्रक्रियाबारे जानकारी दिइएको आयोगले जनाएको छ । मतदाता शिक्षा कार्यक्रम प्रयोजनका लागि आयोगले स्थानीय तहमा यसअघि तोकेका सम्पर्क व्यक्तिलाई नै निर्वाचन मतदाता शिक्षा कार्यक्रमको अनुगमनकर्ता तोकी अभिमुखीकरणसमेत गरेको थियो ।

# ललितपुरमा दुई हजार ४९ अस्थायी मतदाता

**ललितपुर (प्रस)–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ललितपुर जिल्लामा दुई हजार ४९ अस्थायी मतदाता कायम भएका छन् ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार सुरक्षाकर्मी तथा निर्वाचन कार्यमा खटिएका कर्मचारीले आफू खटिएको मतदान केन्द्रमै समानुपातिकतर्फको मतपत्रमा मतदान गर्न पाउने व्यवस्था गरिएको छ । जिल्ला निर्वाचन कार्यालयकी प्रमुख गोमा धमलाले निर्वाचनमा खटिन नपाएका कर्मचारी तथा सुरक्षाकर्मीका लागि भने छुट्टै दुई स्थानमा मतदान केन्द्र तोकिएको जानकारी दिए । अस्थायी मतदाताले समानुपातिकतर्फ मतदान गर्न पाउनेगरी लगनखेलस्थित नमूना मच्छेन्द्र माध्यमिक विद्यालय र नख्खु कारागारमा मतदान केन्द्र निर्धारण गरिएको छ ।

नख्खु कारागारमा रहेका कैदीबन्दी, त्यहाँ कार्यरत कर्मचारी तथा सुरक्षाकर्मीले सोही स्थानबाट समानुपातिकतर्फ मतदान गर्न पाउनेछन् ।


**युएइमा रोजगार** कम्पनी : Al Maktb Al Jadeed Building Maintenance — सच्याइएको

पूर्व स्वीकृति मिति : २०८२/११/१७ | LT. No. 339721 | चलानी नं. ६०२५३१८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 70 | 0 | 1000 | ३९,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन २५ गते (9th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.२१००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Max Employment Center Pvt. Ltd.**
Bijay Chowk-9 Kathmandu , Nepal, Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com
श्रम ईजाजत नं. १५३१/०७८/०७९



**श्री भैरवी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
का.जि.का.म.न.पा वार्ड न.-७
चुच्चेपाटी, काठमाडौं, फोन नं :- ०१-४५६५६२७

**संस्थाको सम्पत्ति बिक्री सम्बन्धी ३५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरेको सूचना**

प्रकाशन मिति : २०८२/११/१९

यस श्री भैरवी बहुउद्देश्यीय सहकारी संस्था लि. को स्वामित्वमा रहेको तपसिल बमोजिमको सम्पत्ति जग्गा जे जस्तो अवस्था र परिमाणमा छ सोही अबस्था र परिमाणमा गोप्य शिलबन्दी बोल पत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरूले यस सहकारी संस्थाबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लिखित शर्तहरूको अधिनमा रही आफुले कबुल गरेको रकमको १० (दश) प्रतिसतका दरले हुने रकम धरौटी बापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी बोलपत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कार्यालय समयमा यसै श्री भैरवी बहुउद्देश्यय सहकारी संस्था लि. चुच्चेपाटीमा गोप्य शिलबन्दी बोलपत्र फारम रितपूर्वक भरी पेश गर्नहुन यसै सूचनाद्धारा आह्वान गरिन्छ। यस सहकारी समक्ष प्राप्त हुन आएका बोलपत्रहरू ३६ औं दिनमा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा खोलिने हुदा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्धारा सूचित गरिएको छ । तर उक्त दिन निजहरू अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन । पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन सोही स्थानमा दिनको १:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । सथै बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोहि स्थानमा दिनको २:०० बजे बोलपत्र खोलिने छ। बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सुचनापाएको मितिले ७ दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम संस्थामा जम्मा गर्नु पर्नेछ। अन्यथा धरौटी बापतको रकम जफत हुनेछ। प्राप्त हुन आएका बोलपत्रहरू कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यसै सहकारीमा सुरक्षित रहनेछ। बोल पत्र फारम यस संस्थाको कार्यालयबाट रु.१०००/-तिरेर प्राप्त गर्न सकिन्छ। साथै बोलपत्र सम्बन्धी शर्तहरू बोलपत्र फारममा उल्लेखित गरिए बमोजिम हुनेछ। थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहोला।

तपसिल

| जग्गा धनिको नाम | धितोको ठेगाना | कित्ता नं | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| श्री भैरवी बहुउद्देश्यीय सहकारी संस्था लि. | गोल्धुंगा ५ख) काठमाडौं | ६९८ | ०-४-०-२<br>१३१.१४व.मि. | यी जग्गा तथा सो जग्गाले चर्चेको लिगलिगापात समेत । |

बोलपत्र पेश गर्ने मिति र समय : २०८२/१२/२३ गते सोमबार कार्यालय समयसम्म ।
बोलपत्र खोलिने मिति र समय : २०८२/१२/२४ गते दिनको २:०० बजे .................... ।
बोलपत्र खोलिने स्थान : श्री भैरवी बहुउद्देश्यीय सहकारी संस्था लि. का.जि.का.म.न.पा. वार्ड न.७ चुच्चेपाटी, काठमाडौं ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# मौन अवधिमा चनाखो बनोस् आयोग

चुनावी चटारो अब लगभग सकिएको छ । उम्मेदवारहरूले आजबाट मत माग्न पाउने छैनन् । आचारसंहिता लागेसँगै तडकभडकपूर्ण प्रचार पनि अब बन्द हुने छन् । गएराति १२ बजेदेखि ४८ घण्टालाई निर्वाचन आयोगले मौन अवधि तोकेको छ । यो अवधिमा सामाजिक सञ्जाल प्रयोगकर्ताले पनि उम्मेदवारको पक्षमा मत प्रभावित हुनेगरी कुनै किसिमको गतिविधि गर्न रोक लगाइएको छ । सञ्चारमाध्यममा विज्ञापन गर्न रोक लगाउनुका साथै, भाषण, भेला, भोजभतेर, समीक्षा पनि गर्न पाउने छैनन् ।

यो अवधिलाई प्रभावित पार्ने गरी आर्थिक कारोबार गरिएको भेटिए उम्मेदवारी खारेजीदेखि छ वर्षसम्म निर्वाचनमा भाग लिन नपाउने नियम पनि छ । निर्वाचन आयोगले आचारसंहिता पालनामा शून्य सहनशीलताको नीति अपनाउने दाबी पनि गरेको छ । खासमा मौन अवधि एक किसिमको कोलाहलबाट 'ब्रेक' लिनु पनि हो । यसले मतदाता, उम्मेदवारलाई पनि 'रिफ्रेस' गराउने अवसर दिन्छ । झण्डै एक महिने प्रचारबाट कार्याकर्ताले पनि छुट्टी पाउँछन् । मतदाताले उक्त अवधिमा कसलाई मत दिने भन्ने सोच्ने अवसर पाउँछ ।

यही मौका छोपी मत प्रभावित पार्न उम्मेदवारहरूले आफ्नो जुक्तिसमेत लगाउने गर्छन् । यस्तो बेला नगद बाँड्ने, मत प्रभावित पार्न सक्ने मतदातालाई विभिन्न सेवासुविधादेखि भौतिक सम्पत्तिको लोभ देखाउने कार्य हुनसक्छ । यसरी नै मौन अवधिमै सबैभन्दा धेरै मतदाता प्रभावित हुने गतिविधि हुने गर्छन् । मतदातालाई प्रभावित पार्न यातायातको प्रबन्ध गर्ने, मतदातास्थलसम्म पुऱ्याउने, मतदानको अघिल्लो दिन र मतदानको दिन मतदान केन्द्र वरपर भोजभतेर गराउनेजस्ता क्रियाकलाप हुन्छन् ।

यो अवधिमा मतदातालाई विभिन्न किसिमले प्रलोभनमा पार्ने कामसमेत उम्मेदवार तथा राजनीतिक दलले गर्ने गरेको पाइन्छ । यस्तो अवस्थामा निर्वाचन आयोगले नियमन गर्न सक्ने अवस्था पनि देखिँदैन । आयोगको आफ्नै सीमितता, स्रोतसाधनको अभावले आचारसंहिता पालना गराउन निकै मुस्किल हुने पनि देखिन्छ । यस्तो अवस्थामा एक त आयोगले पनि नियमन बढाउने र नागरिकले पनि यस्तो गतिविधि देखेमा स्वतन्त्र तवरले खबरदारी गर्न सकिन्छ । यो बेला प्रतिस्पर्धी उम्मेदवारलाई आरोप लगाउनका लागि पनि विपक्षी उम्मेदवारले विभिन्न अफवाह फैलाउन सक्छन् । यो विषयमा पनि आयोगले विशेष सावधानी अपनाउनुपर्छ । अफवाह, आरोपका कारण कतिपय स्थानमा निर्वाचन भाँडिन सक्ने सम्भावना उत्तिकै हुन्छ । त्यसैले यी विषयमा सचेत बनेर आयोग, सुरक्षा निकायले विशेष रणनीति बनाउनुपर्छ र निर्वाचन सफलतापूर्वक सम्पन्न गराउन आचारसंहिता कार्यान्वयनमा विशेष ध्यान दिनुपर्छ ।

# अमूल्य मत सदुपयोगको अवसर



❑ कृष्ण अधिकारी

> लोकतन्त्रमा हरेक मतको अर्थ रहेको हुन्छ । एउटा मतले कुनै राजनीतिक दललाई निर्वाचित गरी बहुमत दिएर सरकारमा पठाउँछ भने अर्कोतिर पराजित मतले एक बलियो प्रतिपक्षी दलको निर्माण गर्दछ । विजय गराउन नपुग भएको मतबाट नै सशक्त प्रतिपक्ष दल बन्ने हुँदा लोकतन्त्रमा निर्वाचन प्रणालीको विशिष्ठ महत्त्व रहन्छ भन्ने मान्यतालाई स्वीकार गरिएको हुन्छ । विजयी मतले जत्तिकै महत्त्व पराजित मतको पनि रहने हुँदा हरेक मतदाताले गरेको मतदान खेर जाँदैन । लोकतन्त्रको मूल मान्यता भनेकै एक व्यक्ति, एक मत, समान मूल्य हुनु हो ।

लोकतान्त्रिक प्रणालीमा मतदान औपचारिक कर्ममात्रै होइन, राज्य प्रणालीमा नागरिकको सहभागिता, अधिकार र प्रतिनिधित्व हुने अवसर पनि हो । लोकतन्त्रको आधारस्तम्भ भनेको स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन नै हो । निर्वाचनबाट प्रतिनिधि छानिनेमात्र होइन; जनताको सार्वभौम अधिकार प्रयोग गर्ने सबैभन्दा महत्त्वपूर्ण माध्यम हो । समाजमा आर्थिक, सामाजिक वा सांस्कृतिक असमानता भए पनि मताधिकारका हिसाबले सबै नागरिकलाई समान छन् । लोकतन्त्रमा सबै नागरिक बराबर हुन्छन् भन्ने सिद्धान्तले समाजमा रहेको वर्गीय, लैंगिक वा क्षेत्रीय विभाजनलाई कम गर्न मद्दत गर्छ । त्यसैले एउटा मत धनीको होस् वा गरिबको, शिक्षितको होस् वा अशिक्षितको सबैको मतको मूल्य समान हुन्छ । यही समानता लोकतन्त्रको नैतिक र राजनीतिक शक्ति हो । गरिब-धनी, शिक्षित-अशिक्षित, सहर-गाउँ, महिला-पुरुष सबैको मत बराबर हुन्छ । त्यसैले लोकतान्त्रिक मुलुकमा निर्वाचन र जनताको मताधिकारलाई उच्च महत्त्वका साथ हेर्ने गरिन्छ ।

लोकतन्त्रमा हरेक मतको अर्थ रहेको हुन्छ । एउटा मतले कुनै राजनीतिक दललाई निर्वाचित गरी बहुमत दिएर सरकारमा पठाउँछ भने अर्कोतिर पराजित मतले एक बलियो प्रतिपक्षी दलको निर्माण गर्दछ । विजय गराउन नपुग भएको मतबाट नै सशक्त प्रतिपक्ष दल बन्ने हुँदा लोकतन्त्रमा निर्वाचन प्रणालीको विशिष्ठ महत्त्व रहन्छ भन्ने मान्यतालाई स्वीकार गरिएको हुन्छ । विजयी मतले जत्तिकै महत्त्व पराजित मतको पनि रहने हुँदा हरेक मतदाताले गरेको मतदान खेर जाँदैन । कुनै पार्टीलाई दिएको मत सरकार निर्माण गर्न होस् वा प्रतिपक्षमा उभ्याउन, दुवै अवस्थामा सरकारलाई जवाफदेहिता, पारदर्शिता र उत्तरदायित्वका लागि दबाब दिन काम लाग्छ । लोकतन्त्रको मूल मान्यता भनेकै एक व्यक्ति, एक मत, समान मूल्य हुनु हो ।

निर्वाचनमा जनताको स्वतन्त्र सहभागिता, प्रतिस्पर्धा र समावेशीताले लोकतान्त्रिक मूल्यमान्यतालाई मजबुत बनाउन बल पुग्दछ । लोकतन्त्रको सारतत्व नै जनताको अभिमतमा आधारित शासन प्रणाली भएकाले निर्वाचनका माध्यमबाट त्यसको सुनिश्चित गरिएको हुन्छ । कुनै पार्टी वा उम्मेदवारलाई मत दिँदा संख्यात्मक हिसाबले जित-हार हुने हो, हरेक मतको उत्तिकै महत्त्व रहेको हुन्छ । त्यही एक मतले जित र हारको निर्णय गर्ने भएकाले सबै मतले बराबर हैसियत राख्दछ । प्रत्येक मतदाताको मतको मूल्य समान हुन्छ । प्रत्येक मतदाताले मतदान केन्द्रमा पुगेर मत हाल्दा आफ्नो भविष्य, राज्यको दिशा र शासनको स्वरूप निर्धारण गरिरहेको हुन्छ ।

राजनीतिक प्रणालीमा भएका कमीकमजोरीलाई सच्याउन पनि निर्वाचन नै जरुरत पर्दछ । विश्वका कतिपय मुलुकमा पछिल्लो समय 'नो भोट' वा 'राइट टु रिजेक्ट' वा 'नन अफ दि एबोभ' प्रणाली (नोटा) जस्ता अभ्यासहरू पनि प्रयोगमा आएका छन् । यसले नागरिकलाई असन्तुष्टि अभिव्यक्त गर्ने ठाउँ दिए पनि लोकतन्त्रलाई बल पुग्दैन । यसले राजनीतिक नैराश्यता ल्याउनेमात्र होइन, असर उम्मेदवार पराजित हुने र खराब वा आर्थिक चलखेल गर्ने व्यक्तिलाई राज्य सञ्चालनमा पुऱ्याउने खतरा ल्याउने हुँदा हरेक मतदाताले आफ्नो मताधिकार प्रयोग गर्ने नैसर्गिक अधिकारको उपयोग गरी असल व्यक्तिलाई चयन गर्ने अवसरबाट बञ्चित हुन दिनु हुँदैन । निर्वाचन बहिस्कार वा असहमतिको फाइदा नागरिकले पाउन सक्दैनन् । सही प्रतिनिधित्वबाट नै राजनीतिलाई सुधार गर्न सकिन्छ र लोकतान्त्रिक अभ्यासलाई सुदृढ गर्न सकिन्छ । निर्वाचन भनेको लोकतन्त्रको आधारशिला हो, जुन जनसहभागिताविना पूर्ण हुन सक्दैन ।

मतदान नै जनताको आवाज सरकारसम्म पुग्ने औपचारिक माध्यम भएकाले नागरिकले आफ्नो मतमार्फत नीति, नेतृत्व र शासन प्रणालीप्रति समर्थन वा असहमति जनाउँछन् । प्रत्येक मतले शासनको दिशा तय गर्छ, नीति निर्माणलाई प्रभावित गर्छ र राज्यको वैधता सुनिश्चित गर्छ । नागरिकमा आफ्नो मतको कुनै मूल्य छैन भन्ने निराशा जाग्न दिनु हुँदैन । मतको मूल्य घट्दा पैसाको प्रभाव बढ्छ । यसले स्वच्छ प्रतिस्पर्धा कमजोर बनाउँछ र भ्रष्टाचारलाई प्रोत्साहन दिन्छ । यसबाट शासन प्रणालीप्रति वितृष्णा ल्याउने र राजनीतिक अस्थिरता र अधिनायकवाद निम्त्याउने जोखिम रहने भएकाले लोकतन्त्रप्रति विश्वासको वतावरण बनाइराख्न जरुरी हुन्छ । जब निर्वाचनमा ठूलो संख्यामा मत बदर हुन्छ वा मतदानमा सहभागिता कम हुन्छ, त्यतिबेला निर्वाचित प्रतिनिधिले सम्पूर्ण जनताको प्रतिनिधित्व गर्न सक्दैनन् ।

विश्वमा लोकतन्त्रलाई परिस्कृत शासन प्रणालीको रूपमा लिने गरिन्छ । लोकतन्त्रको विकल्प भनेको लोकतन्त्र नै हो, जसको निर्णायक भूमिकामा आमनागरिक हुन्छन् र उनीहरूले मताधिकारको माध्यमबाट नै त्यसको प्रयोग गरेका हुन्छन् । कुनै पनि जात, धर्म, लिंग, भाषा वा सामाजिक स्थितिको आधारमा भेदभाव नगरी हरेक बालिग नागरिकलाई मताधिकार सुनिश्चित गरिएको हुन्छ । प्रत्येक नागरिकलाई समानतामा आधारित प्रतिनिधित्वको अनुभव दिलाउँछ अर्थात् प्रत्येक नागरिकलाई निर्णय प्रक्रियामा समान ढंगबाट सहभागी हुन, नेतृत्व गर्न र जिम्मेवार बनाउन सशक्त गराउँछ । मिश्रित वा समानुपातिक प्रतिनिधित्व प्रणालीले विविध समुदायको मतलाई प्रतिनिधित्व दिलाउन सहयोग गर्छ । यसले गर्दा मतदातामा मत खेर गएको अनुभूतिलाई कम गर्छ ।

लोकतन्त्र केवल संस्थागत संरचनालेमात्र सुदृढ हुन सक्दैन, यसमा सक्रिय नागरिक सहभागिता अनिवार्य हुन्छ । मतदानमा कम सहभागिता, मत खरिद-बिक्री, बदर मतको उच्च संख्या र निर्वाचन प्रक्रियामा बढ्न गएमा मतदातामा अविश्वासको वातावरण आउन सक्छ । मतदातामा निराशा हुनु भनेको लोकतन्त्र कमजोर हुनु हो । त्यसैले प्रत्येक नागरिकले मतदानलाई अधिकारमात्र होइन, कर्तव्यका रूपमा लिनुपर्दछ । निर्वाचन उम्मेदवार वा दलको नीतिगत मूल्यांकन गर्ने अवसर पनि हो । निर्वाचनप्रति जनविश्वास बढाउन राजनीतिक दलहरूले पनि योग्य, इमान्दार र जनउत्तरदायी उम्मेदवार उठाउनुपर्छ । साथै, चुनावी वाचा पूरा गर्ने संस्कृतिको विकास नगर्दासम्म मतदातामा निराशा घट्दैन । राज्यले निष्पक्ष निर्वाचन सुनिश्चित गर्न स्वतन्त्र र सक्षम निर्वाचनको वातावरण तयार गर्नुपर्छ ।

नेपालमा सार्वभौम बालिग मताधिकारको पहिलो औपचारिक अभ्यास २०१५ सालको आमनिर्वाचनबाट थालनी भएको हो । यो निर्वाचनले नेपाली नागरिकलाई पहिलोपटक लोकतान्त्रिक प्रक्रियामा सहभागी हुने अवसर दिएको थियो । महिला, दलित, जनजाति, मधेश आदि उपेक्षित वर्ग, समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न मिश्रित निर्वाचन प्रणालीको अभ्यास गरिएको छ । यद्यपि, यस अभ्यासको पूर्ण कार्यान्वयनमा अहिले पनि थुप्रै समस्याहरू नभएका होइनन् तर त्यसलाई क्रमशः सुधार गर्दै लैजान सकिन्छ । गत भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनको जगमा यही फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनबाट नयाँ जनप्रतिनिधि आउनेमात्र नभई मुलुकलाई नयाँ दिशातर्फ डोऱ्याउने राजमार्ग पनि निर्माण गर्ने हुँदा मतदाताको हातमा देश र जनताको भाग्य र भविष्य अडिएको छ ।

नागरिकले आफ्नो मतको महत्त्व बुझेर सक्रियरूपमा मतदान गरेको अवस्थामामात्रै राजनीतिक दल र नेताहरू जनताप्रति उत्तरदायी बन्न बाध्य हुन्छन् । लोकतान्त्रिक निर्वाचनमा जनताको मत खेर जानु भनेको लोकतन्त्रको आत्मा कमजोर हुनु हो । जनताको मत खेर नजाने अवस्था निर्माण गर्नु राज्य, राजनीतिक दल र नागरिक सबैको साझा दायित्व हो र यही दायित्व पूरा हुँदामात्र लोकतन्त्रले आफ्नो वास्तविक अर्थ पाउँछ ।

सार्वभौम मताधिकारको प्रयोगले मात्र लोकतन्त्रलाई सुदृढ बनाउने छ र सबै नागरिकलाई समान अधिकार र अवसरको सुनिश्चित गर्दछ । लोकतन्त्रको शक्ति बन्दुकमा नभई मतपेटिकामा हुने भएकाले निर्वाचनमा नै जनआकांक्षाको वास्तविक प्रतिविम्ब भएको हुन्छ । त्यसैले प्रत्येक नागरिकले आफ्नो मतको मूल्य बुझेर जिम्मेवार ढंगले प्रयोग गर्दामात्र समावेशी, उत्तरदायी र सुदृढ लोकतन्त्र निर्माण सम्भव हुन्छ । मतको सम्मान नभएसम्म लोकतन्त्र केवल औपचारिक संरचनामात्र बन्न सक्छ । *रासस*

## श्रम सरोकार

# विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिंड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ । यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ ।




✍ बैकुण्ठ भण्डारी



# भोट के मा ?

मध्यरातिसम्म भोट केमा फलानोमा भन्दै स्पिकर धन्काएर हिँड्नेहरू आज गोप्य भोट माग्दै छन् । प्रविधिको जमाना छ । फोनमा किरिङऽकिरिङको आवाज उठाएपछि हाते फोन त उठाउनै पऱ्यो । यताबाट हलो भनेको उताबाट एकोहोरो बोल्न थाल्यो । 'नमस्कार म फलानो, फलानो पार्टीको क्षेत्र नम्बर यतिको उम्मेदवार । फलानाको जित तपाईंको पनि जित हो । त्यसैले आफू र परिवार र आफन्त सबैलाई फलानो चिह्नमा भोट हाल्न सम्झौं, सम्झाऔं । धन्यवाद ।'

'आचारसंहिता भन्ने कुरा कहाँ छ ? मेरो व्यक्तिगत हातेफोन नम्बर ती नेतालाई कसले दियो ? फटाहाहरू,' रविन्द्र उफ्रँदै थिए ।

रविन्द्र दाइको कर्कसो स्वरले होला, सँगै रहेका दिवाकरले सम्झाउँदै भन्यो- छाडिदिनोस् के ? चुनाउको बेला यस्तो त आइहाल्छ नि ।

'अँऽ चुनाउ भन्दैमा व्यक्तिको फोन यसरी दिन पाइन्छ ? तिमी पो दलको झोला बोकेर हिँड्छौं । पार्टीको 'क्याडर' खासै केही लाग्दैन । बानी परिसकेको छ । हामी त होइनौं । फोनमा घण्टी बजेपछि उठाउनुपऱ्यो । उठाउँदाखेरी अनेकथरीको आवाज किन सुन्नु छ र मलाई ?'

'भैगो नि अब दुई दिनको कुरा त हो, छाडिदिनोस् के ! चुनाउ भनेको जसरी हुन्छ त्यसरी भोट माग्ने त हो नि । पहिलेपहिले पो स्रोतसाधन थिएन, प्रविधि थिएन, अनि घरघरमै आउँथे । पाटीपौवा, चौतारामा बसेर चिच्याउँथे । अब त प्रविधिको प्रयोग गरेर फोनमा नै मागे के भो त ?'

'तँ धेरै नकरा है, भन्दिएको छु । प्रविधिको प्रयोग भन्दैमा अर्काको फोनमा छिनछिनमा किरिङ-किरिङ पार्न पाइन्छ ? त्यो नम्बर दिनेचाहिँ को हो ? होइन हो, निर्वाचन आयोग, तिम्रो काम के हो हँ ? अनि त्यो टेलिफोने अफिसले पनि बुझ्नुपर्छ नि, पैसा पाए भन्दैमा जे पनि गर्ने ?

अस्ति भर्खर लाखौं रूपैयाँ पाएँ भने कुनचाहिँ केटाका सन्देश मोबाइलमा पठायो । पैसा उसले कमायो, केटोलाई पुलिसले समायो ! यस्तो पनि हुन्छ । मलाई सुन्न मन नभएको मान्छेलाई मलाई भोट फलानोमा दिनुहोला भन्ने ?'

'ल कुरा गर्नुहुन्छ, उहाँ माइक बोकेका पत्रकार त सडकसडकमा गएर मान्छेलाई भोट के मा भनेर सोधिराका छन् र त केही भएको छैन । तपाईंलाई त गोप्यरूपमा मोबाइलमा भनेका त हुन् !'

'एऽ ती त कागले कान लग्यो भन्दैमा आफ्नो कान नै नछामी दौडनेहरूलाई हो । हामीलाई सोधोस् त भोट केमा भनेर ?'

'ल सोध्यो रे ! के गर्नुहुन्छ तपाईं ?'

'गर्न त के गर्नु त्यसरी सोध्यो भने तेरा बाउको टाउकोमा भनिदिन्छु ।'

'त्यस्तो पनि हुन्छ त ?'

'किन नहुने ? तँलाई बजिया ।'

'त्यत्ति सारो नभन्नु है काका । कसैले यसो जान्न बुझ्न पनि सोधेको हुन सक्छ नि ?'

'किन सोध्नुपऱ्यो ? किन जान्नुपऱ्यो ? भोट भनेको त गोप्यरूपमा हाल्ने हो नि ! बाहिर फलाक्दै भोट यसमा भन्दै हिँड्ने हो र ?'

'त्यो त होइन ।' दिवाकरले उत्तर फर्काउँछ ।

त्यसो भए किन सोध्नुपऱ्यो त्यसका बाजेलाई ? यसो समाचार हेऱ्यो । फलानोको जित सुनिश्चित अरे ! त्यसका बाजे त्यसरी लेखेकै भरमा हुने भए यत्रो अर्बौं राज्यको ढुकुटी सिध्याएर किन गर्नुपऱ्यो त चुनाउ । त्यसले समाचार लेख्नेबित्तिकै माला टीका लगाएर जित्यो भने भैहाल्छ नि ! लौ भने हो कि होइन ?,' रविन्द्रले भने ।

'त्यो त हो काका । त्यही भएर त बिग्रेको नि त । सबै आफ्नो अनुसार चलेका भए पो हुन्थ्यो त । अर्काले चलाएका छन् अनि कसरी सत्य कुरा आउँछ त ?'

रविन्द्र मुस्कुराउँदै भने, 'हो बल्ल तैले झोला खोलिस् ! न तेरा पार्टी, न उसको पाटी सबैले अरुको इशारामा चलेका कारण आज यो अवस्था आको हो नि ? चुनाउमा गोप्य भोट किन हालेको ? जनतालाई यो पार्टी वा त्यो पार्टी भनेर नचिनून् । मन पराएको उम्मेदवारलाई छानोस् भनेर । राम्रो देश बनाउने, जनताको समस्या समाधान गर्ने, कानुनलाई सम्मान गरेर गरे कसैलाई काखा कसैलाई पाखा नगर्नेलाई भोट हालोस् भनेर हो नि !'

'त्यो त हो काका,' दिवाकरले भन्यो ।

'अहिले त यो रे त्यो रे । विदेशीको पैसा लिएर जनमत संकलन रे ! अनि त्यसमाथि पनि उतैबाट चलेका पत्रकारले के खोज्छ ? आफ्नो देशको समस्या के हो खोजोस् न । नेताहरूलाई चुनाउ जितेर गएपछि भ्रष्टाचार गर्न थाल्यौं । नातावाद र फरियावाद गर्न थाल्यो भने के गर्ने ? उनकै मुखबाट बोल्न लगाउने हो नि । 'तात्तो न छारो' सँग भोट केमा रे ? भोट कसलाई रे ? भोट के मा हुन्छ मतपत्रमा हुन्छ ।'

दिवाकर मुसुमुसु हाँसिरहेको छ । काकाले उसलाई बोल्नै दिएको छैन । काकाले भनेको दिवाकर पार्टीको कार्जेकर्ता भएकाले मौन समय भयो रे ! हुन पनि हो निष्पक्षरूपमा चुनाउ गर्न न त दबाब न प्रभाव, सबैसँग टाढा भएर भोट हाल्ने हो । आफूलाई मन परेको उम्मेदवार छान्ने हो । डलर खर्चेर विदेशीलाई धनी बनाएर सामाजिक सञ्जालमा अनेकौं गफ दिएर मन भाँड्ने, अनि निष्पक्ष अरे ! कुरा सुन्दा पनि कन्सिरीको रौं तातेर आउँछ भन्या । गफले र कागज लेखेको त्यो के बद्धताले हुने भए देश अहिले अम्रिकाको दास हो र आफैं अम्रिका बराबर भइसक्थ्यो ।

खेतीको कुरा गरे पो उत्पादन हुन्छ ! कुराको खेती गरेर कहिल्यै फल्छ ? लौ भन त ।

'काकाको कुरा सोह्रै आना ठीक हो काका । त्यही भएर पनि भोट त निष्पक्षसँगै हाल्नुपऱ्यो होइन त ?'

'हो नि । भोट हाल्ने भनेको भ्रममा होइन सत्य र यथार्थ बुझेर हाल्ने हो ।'

'लौ काका । अब सबै कुरा सुनिहालें, काकाको जति गफ गरे पनि यस्तै हो । त्यसो भए भोट के मा त ?'

'हैट ! बजिया । घुमाइफिराइ फचाट्ट भन्छ भनेको होला... एऽ त्यस्तो कहाँ हुन्छ ? कुनै पनि देशको दलाली नगर्ने ? विदेशीको वाद र विचार होइन । आफ्नै राष्ट्रियता र देशको अस्मिता जोगाउने । जनताबाट टाढा भाग्ने होइन जनतासँगै रहेर काम गर्न सक्ने विश्वासिलो उम्मेदवारलाई नहिच्किचाइकन भोट हाल्ने । बुझिस् ?'

## तस्बिरमा निर्वाचनको तयारी









१) निर्वाचन कार्यालय रूकुम पश्चिमबाट सोमबार जिल्लाका विभिन्न ठाउँमा रहेका मतदानस्थलमा निर्वाचन सामग्री लगिँदै ।

२) आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारीस्वरूप न्यालु सडक बन्द भएपछि हुम्लाको नाम्खा गाउँपालिकाअन्तर्गतका चार मतदान केन्द्रमा खटिने कर्मचारी, सुरक्षाकर्मी तथा निर्वाचन सामग्री नेपाली सेनाको हेलिकोप्टरमार्फत ओसारिँदै ।

३) प्रदेश निर्वाचन कार्यालय, पोखराबाट यही फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सोमबार मतदान सामग्री बुझेर मतदान केन्द्रतर्फ लिएर जाँदै मतदानमा खटिएका कर्मचारी ।

४) दाङको घोराहीस्थित प्रदेश निर्वाचन कार्यालयमा सोमबार निर्वाचनका लागि मतदान केन्द्रमा पठाउन तयार गरिएको निर्वाचन सामग्री ।

*तस्बिरहरू: रासस*

# म्याग्दीमा निर्वाचनको तयारी अन्तिम चरणमा




**म्याग्दी–** यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको म्याग्दीमा तयारी अन्तिम चरणमा पुगेको छ । जिल्ला सदरमुकाम बेनीबाट मतपत्र, मतपेटिका, सुरक्षणसिल, स्वस्तिक छापलगायतका निर्वाचन सामग्री लिएर कर्मचारी र सुरक्षाकर्मीहरू मतदानस्थलतर्फ लागेका छन् । सोमबार साँझसम्म म्याग्दीका ८२ वटै मतदानस्थलमा कर्मचारी र सुरक्षाकर्मी पुगिसक्ने जिल्ला निर्वाचन अधिकारी बिमलप्रसाद गौतमले जानकारी दिए ।

निर्वाचनका लागि आवश्यक पर्ने मतपत्र मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट र अन्य ५१ प्रकारका सामाग्री जिल्ला निर्वाचन कार्यालयबाट मतदान अधिकृतलाई बुझाइएको छ । मतदानस्थल टाढा रहेका धवलागिरि गाउँपालिका, मालिका गाउँपालिका, रघुगंगा गाउँपालिका र अन्नपूर्ण गाउँपालिकाअन्तर्गतका मतदानस्थलमा खटिएका कर्मचारीहरूलाई आइतबार नै निर्वाचन सामग्री बुझाइएको थियो । मंगला गाउँपालिका र बेनी नगरपालिकाका मतदानस्थलहरूमा खटिएका कर्मचारीहरूलाई सोमबार निर्वाचन सामग्री बुझाइएको छ ।

कर्मचारीहरू सोमबार नै मतदानस्थलमा पुगेर सूचना टाँस गर्ने, मतदानस्थल वरपर राजनीतिक दल र उम्मेदवारका निर्वाचन प्रचारप्रसारका सामग्रीहरू हटाउन लगाउने, निर्वाचन आचारसहिंताको अनुगमन गर्नेलगायत निर्वाचनसम्बन्धी कामहरूको तयारी सुरु गर्ने तयारी गरिएको छ ।

म्याग्दीमा निर्वाचन सम्पन्न गर्न १२२ मतदान अधिकृत, १२२ सहायक मतादन अधिकृतसहित एक हजार ७४ जना निर्वाचन कर्मचारी खटिएका छन् । प्रतिनिधिसभामा एक निर्वाचन क्षेत्र रहेको म्याग्दीमा एक स्वतन्त्रसहित १२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेका छन् । जिल्लामा कुल ४२ हजार ३३२ जना पुरुष, ४४ हजार ६४ जना महिला र एक जना अन्य मतदाता रहेका छन् । जिल्लामा मतदानका लागि ८२ वटा मतदानस्थलमा १२० वटा मतदान केन्द्र कायम गरिएको छ भने कारागार र कर्मचारीहरूको समानुपातिक मतदानका लागि एक अस्थायी मतदान केन्द्र तोकिएको छ ।

प्रतिनिधीसभा सदस्य निर्वाचनमा एकवटा निर्वाचन क्षेत्र रहेको हिमाली जिल्ला म्याग्दीमा नेपाली कांग्रेसका कर्णबहादुर भण्डारी (केबी), नेकपा एमालेका हरिकृष्ण श्रेष्ठ, नेपाली कम्युनिस्ट पार्टीका अर्जुन थापा र स्वतन्त्र उमेद्वार डा. महावीर पुन मुख्य प्रतिस्पर्धीका रूपमा देखिएका छन् । *रासस*

# प्रभावकारी बन्दै विद्यालयमा ‘शून्य फोहोर कार्यक्रम’

**जानकी (बाँके)–** नेपालगञ्ज उपमहानगरपालिकाभित्रका विभिन्न विद्यालयमा सञ्चालित ‘शून्य फोहोर कार्यक्रम’ प्रभावकारी बन्दै गएको छ ।

सरोकारवालाले कार्यक्रमको प्रभावकारिताको विषयमा अनुगमन गर्ने क्रममा विद्यालय तथा विद्यार्थीहरूमा फोहोर व्यवस्थापन, फोहोरको वर्गीकरण र वातावरणमैत्री व्यवहारमा सकारात्मक परिवर्तन देखिएको बताएका हुन् । विद्यालयहरूमा ‘रिडचुस, रियुज र रिसाइकल’को अभ्यास, प्लास्टिक न्यूनीकरण तथा विद्यार्थीहरूमा वातावरण संरक्षणसम्बन्धी सचेतना अभिवृद्धि भएको पाइएको जनाइएको छ ।

कार्यक्रम सञ्चालित श्री देउतादिन माध्यमिक विद्यालय, नारायण मावि, धम्बोजी मावि, सरस्वती मावि, दारुल उलम बर्सतिया मावि, ज्ञानोदय विद्या निकेतन र फुलटेक्रा माविमा अनुगमन गरिएको थियो । नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामहरि शर्माले कार्यक्रमले विद्यालयस्तरबाटै दिगो वातावरणीय अभ्यासको सुरुआत गरिएको उल्लेख गर्दै यसलाई दीर्घकालीनरूपमा निरन्तरता दिन आवश्यक रहेको बताए ।

शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुख गोर्खबहादुर थापाले विद्यार्थीमार्फत विद्यालय र समुदायसम्म सकारात्मक सन्देश प्रवाह हुने विश्वास व्यक्त गरे । सामाजिक विकास अधिकृत कृष्णप्रसाद जोशीले कार्यक्रममार्फत विद्यालयमा देखिएको सुधार उत्साहजनक रहेको भन्दै आगामी दिनमा थप विद्यालयमा कार्यक्रम विस्तार आवश्यक रहेको बताए ।

सो कार्यक्रमअन्तर्गत विद्यार्थीलाई फोहोर तथा फोहोरसम्बन्धी अभ्यासहरूको परिचय, फोहोर वर्गीकरण यसको बुझाइ, ‘थ्री आर’ विधि, फोहोरबाट कम्पोष्टको उत्पादन, फोहोर जलाउँदा हुने असरहरू, विद्युतीय फोहोर व्यवस्थापन र फोहोर र जलवायु परिवर्तनको विषयमा कक्षा सञ्चालन गरिएको छ ।

यसबाट विद्यालयपरिसर सफा, स्वच्छ र वातावरणमैत्री बन्न सहयोग पुगेको सरोकारवालाहरूको भनाइ छ । विद्यालयमा शून्य फोहोर अवधारणा प्रभावकारीरूपमा कार्यान्वयन भएमा स्थानीय तहको समग्र वातावरण व्यवस्थापनमा समेत सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ ।

द कोकाकोला फाउण्डेसनको आर्थिक सहयोगमा बास नेपाल र स्वच्छ सफा नेपालद्वारा सञ्चालित ग्रिन नेपालगञ्ज सामुदायिक फोहोर रूपान्तरण परियोजनाअन्तर्गत सञ्चालित विद्यालयमा शून्य फोहोर कार्यक्रमको आइतबार अनुगमन गरिएको हो । अनुगमनमा नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामहरि शर्मा, शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुख गोर्खबहादुर थापा, सामाजिक विकास अधिकृत कृष्णप्रसाद जोशी, बास नेपालका केन्द्रीय अध्यक्ष शिवकुमार वर्मालगायत सहभागी थिए । *रासस*

# हिउँ पन्छाइएपछि साङ्ता मतदान केन्द्र जाने सडक सञ्चालनमा

**मुस्ताङ–** मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-५ स्थित साङ्ता मतदान केन्द्र जाने (मुस्ताङ-डोल्पा) सडक हिउँ लगातार छ दिनसम्म पन्छाइएपछि सञ्चालनमा आएको छ । जिल्ला प्रशासन कार्यालयको समन्वयमा वारागुङ मुक्तिक्षेत्र गाउँपालिका र सडक डिभिजन कार्यालय बाग्लुङको डोजर प्रयोग गरी सडक सञ्चालनमा ल्याइएको हो ।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि साङ्ता गाउँबाहिर रहेका मतदातालाई गाउँ फर्काउन र मतदानस्थलको सुरक्षामा खटिने कर्मचारी तथा सुरक्षा निकायलाई उक्त मतदान केन्द्रसम्म आउजाउ गर्न असहज भएकाले सडकको हिउँ पन्छाएर सडक सञ्चालनमा ल्याइएको वारागुङ मुक्तिक्षेत्रका अध्यक्ष रिनजिननामगेल गुरुङले जानकारी दिए ।

मुस्ताङ र डोल्पा जिल्लाको सिमानामा पर्ने साङ्ता गाउँस्थित हिमाली आधारभूत विद्यालय मतदान केन्द्र जाने (मुस्ताङ-डोल्पा) सडक गत कात्तिक १० गते र त्यसयता तीनपटक परेको हिमपातले पूर्णरूपमा अवरुद्ध भएको थियो ।

वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष गुरुङका अनुसार मुस्ताङको साङ्तास्थित हिमाली आधारभूत मतदान केन्द्र जाने करिब सात किलोमिटर सडकको बाक्लो हिउँ डोजरको सहायताले पन्छाइएपछि सडक सञ्चालनमा आएको हो । यही फागुन २१ गते हुने निर्वाचनका लागि गाउँपालिकाको लगानीमा सडक खुलाइएको अध्यक्ष गुरुङको भनाइ छ ।

साङ्ता मतदान केन्द्र जाने सडक कतिपय स्थानमा १३ फिटसम्म हिउँ जमेर अवरुद्ध भएको थियो । वडाध्यक्ष सुरेन्द्र गुरुङका अनुसार हिउँ पन्छाइएपछि साङ्ता गाउँ तथा डोल्पा जाने छुकसम्वसम्मको सडक सञ्चालनमा आएको छ । हिउँ पन्छाएपछि माथिल्लो डोल्पाको छार्काताङसुङ गाउँपालिकाका मतदाता आ-आफ्नो गाउँ प्रस्थान गरेका छन् । सडकको हिउँ पन्छाइएपछि माथिल्लो डोल्पाका नागरिकलाई खाद्यान्न ढुवानी गर्नसमेत सहज भएको वडाध्यक्ष गुरुङले जानकारी दिए ।

यसैगरी, मुस्ताङ-डोल्पा सडकको जोड्ने साङ्ता मतदान केन्द्र जाने सडकको हिउँ पन्छाइएपछि जोमसोमबाट नेपाल विद्युत् प्राधिकरणका कर्मचारीले तीन महिनादेखि अवरुद्ध रहेको टेलिफोन टावर मर्मत गरिसकेको वडाध्यक्ष गुरुङले बताए । यसअघि मुस्ताङको साङ्तास्थित हिमाली आधारभूत विद्यालय मतदान केन्द्रलाई सोही वडाको फल्याकमा सार्न त्यहाँको वडा कार्यालयले सम्बन्धित निकायलाई लिखित अनुरोध गरेको थियो । तर, जिल्लास्तरमा मतदान केन्द्र सार्ने विषयमा सहमति नहुँदा उक्त मतदान केन्द्र नै कायम भएको थियो ।

साङ्तामा १३ घरधुरीका ३९ मतदाता छन् । वि.सं. २०७९ को निर्वाचनमा साङ्ता गाउँमा ३४ मतदाता रहेका थिए । साङ्ता मुस्ताङ र डोल्पाको सीमावर्ती गाउँ हो । त्यहाँका नागरिक बर्सेनि हिउँदयामको जाडो छल्न गाउँ छोडेर मुस्ताङको जोमसोम आसपासका गाउँमा बस्ने गर्छन् । गर्मीयाम सुरु भएपछिमात्र उनीहरू चैत/वैशाखमा साबिकको स्थानमा फर्किन्छन् । माथिल्लो डोल्पाका नागरिकलाई पोखरा-काठमाडौं र जोमसोमबाट मालसामान ढुवानी गर्न सबैभन्दा छोटो दूरीको सडक यही नै हो । *रासस*

# प्रभाव दैनिक





**चुनावका दिन क्युएफएक्सका सबै हल बन्द**

निर्वाचनका दिन (फागुन २१ गते) क्युएफएक्सका सबै सिनेमा हल बन्द हुने भएका छन् । नेपालको सबैभन्दा ठुलो मल्टिप्लेक्स चेनले एक सूचना जारी गर्दै निर्वाचनलाई सहजीकरण गर्न फागुन २१ गते देशभर रहेका क्युएफएक्सका सम्पूर्ण हलहरु बन्द गर्न लागेको जनाएको हो । कर्मचारीहरूलाई मतदान गर्न प्रोत्साहन गरिएकाले फागुन २० र २२ गते केही स्थानका हलहरूको सेवा प्रभावित हुने जनाएको छ । दर्शकलाई हलमा जानुअघि क्युएफएक्सको आधिकारिक एप वा वेबसाइटमार्फत जानकारी लिन आग्रह गरिएको छ ।


मंगलबार, १९ फागुन २०८२ (Tuesday, 03 March 2026)


# होलीमा 'हामी तीन भाइ'को टिजर



■ प्रभाव संवाददाता

**काठमाडौं–** फागु पुर्णिमाको दिन पारेर फिल्म 'हामी तीन भाइ'को टिजर रिलिज गरिएको छ । निर्माण टिमले ओएसआरको युटुब च्यानलमार्फत फिल्मको टिजर रिलिज गरेको हो ।

टिजरमा एउटा गाउँका तीन भाइको कथालाई प्रस्तुत गरिएको छ । बिनोद न्यौपाने,कुशल बिष्ट र फलित राई एकदमै मिल्नेछन् । उनीहरू खेतबारी बारी गोरुले झैँ आफै नारिएर जोतिरहेको देखिन्छन् । मानौ,उनीहरू त्यतिधेरै मिल्छन् । सानैमा बुबा आमा बिते पनि उनीहरूको माया ममता भनेको दाजु नै हो ।

आमा-बुबाको माया नपाएका यि तीन भाइमध्ये एक दाजु बिनोदसँग खटपट पर्छ । टिजरले मिलेर बसेका दाजुभाइ विवाहपछिको सम्बन्ध खटपट र संघर्षलाई प्रस्तुत गर्छ । नेपाली समाजमा भएको कथालाई निर्देशक मधुसुधन भट्टराईले टपक्कै टिपेका छन् । जहाँ सार्वजनिक भएको टिजरले दर्शकमाझ कौतुहलता जगाउँछ । टिजरमा विनोद न्यौपाने, लक्ष्मी बर्देवा, कुशल बिष्ट, फलित राई, राजाराम पौडेल, रविन्द्र झा लगायतलाई देख्न सकिन्छ । हेर्दा कमेडी, मार्मिक कथामा फिल्म बनेको अनुमान लगाउँन सकिन्छ । उनीहरूको अभिनय लोभ लाग्दो छ ।

मधुसुदन भट्टराई निर्देशित यस फिल्ममा विनोद न्यौपाने, लक्ष्मी वर्देवा, कुशल बिष्ट, आश्मा गिरी, जाहन्वी बस्नेत, फलित राई, राजाराम पौडेल, रविन्द्र झा, बिष्णु सापकोटा (हर्के हल्दार), विकास चापागाइँ शुष्मा निरौला, यादव देवकोटा (सरापे), अन्जु हमाल, तारा शर्मा, पवन केसी, रमा बिष्ट, विरेन श्रेष्ठ, शुष्मा जिम्बा, खिन्न बहादुर भण्डारी (भोले), गोविन्द प्रसाद पौडेल, भुमिका गिरी, टेकराज पौडेल, अमृतमान महर्जन लगायतले अभिनय गरेका छन् ।

यो फिल्म प्रसिद्धि सिने आट्र्स् प्रा.लि.को ब्यानरमा निर्माण भएको यस फिल्मको निर्मातामा त्रिरत्न श्रेष्ठ र मनोज श्रेष्ठ रहेका छन् । साथै कार्यकारी निर्माता विक्रम तामाङ रहेका छन् । सह-निर्माता भक्तलाल श्रेष्ठ, प्रतिमा थापा पोखरेल, दुर्गालक्ष्मी पाण्डे विशेष सहयोगी शम्भु कुमार केसी रहेका छन् ।

साजित महत प्रस्तुतकर्ता रहेको यस फिल्मको पटकथा तथा सम्वाद शिवम् अधिकारीले लेखेका हुन् । शिव ढकालले खिचेको यस फिल्मको सम्पादन बनिश शाहले गरेका छन् भने संगीत साप शक्ति,बाबुल गिरीले भरेका छन् । नृत्य कमल राई इन्द्र देव महर्जन पाश्र्व संगीत सम्राट थापा ध्वनी मिश्रण मुकेश शाह,रंग संयोजक रेनिश फागोको छ ।

फिल्मको मुख्य सहायक निर्देशक रामजी राउत र ज्ञानकुमार कट्टेलले गरेका छन् भने प्रचार साम्रगी आइडियल डिजाइनर्सले तयार पारेको हो । यस फिल्मको सहायक सम्पादन क्यामोदिन मिया, श्रृंगार अशोक रोक्काको छ । फिल्ममा पाश्र्वसंगीत सम्राट थापाको छ भने द्वन्द्ध निर्देशन देव महर्जनले गरेका छन् । ग्राफिक्स एक्स समिर मिया, कला निर्देशक दिनेश लामा 'गैंडा',निर्माण नियन्त्रक सन्देश राई (भान्जा)ले गरेका छन् भने पोस्ट प्रोडक्सनको काम मोसन स्टूडियोले गरेको हो । फिल्मलाई नेशनल सिने ग्रुप प्रालिले वितरण गर्दैछ भने डिजिटल पार्टनर ओएसएआर डिजिटल रहेको छ ।

यसअघि यो फिल्मको प्रचारप्रसार सामाग्री स्वरूप लिरिकल गीत रिलिज भएको थियो । 'मैले जति दुःख, पिढा,कष्ट पाको भए'गीतले दर्शकमाझ राम्रै चर्चा पायो । फिल्म आगामी चैत १३ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ ।

# मन पराइयो 'लालिमा'को ट्रेलर




**काठमाडौं (प्रस)–** चुनावका कारण फिल्मी गतिविधि शून्यप्रायः रहेका बेला फिल्म 'लालिमा'को सार्वजनिक ट्रेलर युट्युबको ट्रेन्डिङमा परेको छ ।

शनिबार सार्वजनिक यस ट्रेलर चौबीस घण्टा नबित्दै युट्युबको फिल्मतर्फ ट्रेन्डिङ नम्बर ५ मा पर्न सफल भएको हो । लेखक तथा निर्देशक रोशन मिराजले यौनकर्मीहरूको वास्तविकतालाई पर्दामार्फत् उजागर गर्ने उद्देश्यले बनाएको यस फिल्ममा नायिका रोश्नी कार्की शीर्ष भूमिमामा छन् ।

फिल्ममा नायक जीवन भट्टराईका साथमा उषा रजक, सुष्मा निरौला, घनश्याम जोशी, सबिन कट्टेल र शिशिर वाङ्देल मुख्य भूमिकामा छन् । ट्रेलरमा यी सबै पात्रलाई समेटिएको छ । अन्तर्राष्ट्रिय महिला दिवसको दिन पारेर 'लालिमा' फागुन २९ मा प्रदर्शनमा आउँदैछ ।

सार्वजनिक ट्रेलरमा नायिका रोश्नीलाई केन्द्र भागमा राखिएको छ । उनलाई स्पष्टरूपमा यौनकर्मीको चरित्रमा देखाइएको छ । ट्रेलरले उनी र नायक जीवन प्रेमसम्बन्धमा रहेको बताउँछ ।

यौनकर्ममा लागेकी 'लालिमा'को जीवनमा आउने उत्तारचढावको कथामा फिल्म बनेको ट्रेलरले संकेत गर्छ । ट्रेलरको अन्तिममा रोश्नी मानसिक समस्यामा परेको देखिन्छ ।

नायिका रोश्नी भन्छिन्, 'हाम्रो फिल्मले देखाउने खोजेको विषय नै यौनकर्मीहरूको मानसिक समस्या हो । पृष्ठभूमि, बाध्यता, मनोदशा र कठिनाइका कारण उनीहरू कस्तो मानसिक अवस्थामा पुग्छन् भन्ने पक्ष पनि समेटिएको छ ।'

अर्की नायिका उषा रजक फरक क्षमताकी (बोल्न नसक्ने) महिलाको भूमिकामा देखिएकी छन् । उनको भूमिका दर्शकलाई रोचक लाग्न सक्छ । फिल्ममा 'लालिमा'की आमाको भूमिकामा उषा रहेको निर्माण पक्षले बताएको छ । ट्रेलरले यौनकर्ममा लागेकी 'लालिमा'को बच्चा जन्मिएको घटनामार्फत् फिल्मप्रति सन्सपेन्स छाडेको छ । फेथ आस्थाको प्रस्तुतिमा बनेको यस फिल्मकी कार्यकारी निर्माता रीना लामा हुन् । नेसनल सिने ग्रुप नेपालले यो फिल्म वितरण गर्दै छ ।



# पिसिबीको अभूतपूर्व निर्णय

## भारतसँग हारेपछि प्रत्येक खेलाडीलाई ५० लाख जरिवाना




■ एजेन्सी

**काठमाडौं–** आइसिसी टी-२० विश्वकपमा अपेक्षाअनुसार प्रदर्शन गर्न नसकेपछि पाकिस्तान क्रिकेट बोर्ड (पिसिबी) ले राष्ट्रिय टोलीका सबै खेलाडीलाई ५० लाख पाकिस्तानी रूपैयाँ (करिब १८ हजार अमेरिकी डलर) जरिवाना गरेको छ ।

पिसिबीले यो जरिवाना अनुशासनहीनताका कारण नभई प्रतियोगितामा कमजोर प्रदर्शनका कारण लगाएको जनाएको छ । विशेषगरी समूह चरणमा भारतसँग ६१ रनले पराजित भएपछि बोर्डले तत्कालै जरिवानाको निर्णय गरेको थियो । त्यतिबेला सेमिफाइनल पुगे जरिवाना फिर्ता हुन सक्ने संकेतसमेत दिइएको थियो ।

पाकिस्तान सुपर आठ चरणसम्म पुगे पनि त्यसपछि समस्यामा पर्‍यो । न्यूजिल्यान्डसँगको खेल वर्षाका कारण रद्द भयो भने इंग्ल्यान्डसँग पराजित हुनुपर्‍यो । त्यसपछि सेमिफाइनल पुग्न अन्य नतिजामा भर पर्नुपर्ने अवस्था बन्यो ।

श्रीलंकाविरुद्ध ठूलो अन्तरको जित आवश्यक भए पनि पाकिस्तानको जित पर्याप्त हुन सकेन र टोली बाहिरियो । यससँगै पाकिस्तान लगातार चौथोपटक आईसीसी पुरुष प्रतियोगिताको सेमिफाइनलमा पुग्न असफल भयो, जुन इतिहासमै पहिलोपटक हो ।

प्रतियोगिताभर टोलीभित्र कुनै अनुशासनसम्बन्धी समस्या थिएन । त्यसैले प्रदर्शनकै आधारमा सामूहिक रूपमा जरिवाना लगाइनु दुर्लभ र सम्भवतः अभूतपूर्व कदम मानिएको छ ।

यसअघि पनि पिसिबीले ठूला प्रतियोगितापछि कडा निर्णय लिँदै आएको छ । केही महिनाअघि एसिया कपको फाइनलमा भारतसँग हारपछि बोर्डले खेलाडीहरूलाई विदेशी टी-२० लिग खेल्न दिइने एनओसी अस्थायी रूपमा निलम्बन गरेको थियो, यद्यपी पछि त्यो निर्णय फिर्ता लिइएको थियो ।

टोली समग्र रूपमा असफल भए पनि केही खेलाडीले व्यक्तिगत रूपमा राम्रो प्रदर्शन गरे । साहिबजादा फरहानले टी-२० विश्वकपमा सर्वाधिक रन बनाउने कीर्तिमान बनाए र एउटै संस्करणमा दुई शतक प्रहार गर्ने एकमात्र खेलाडी बने ।

**राष्ट्रिय लिग**

# प्लानिङसँग बराबरीमा रोकियो मनाङ मर्स्याङ्दी

■ प्रभाव संवाददाता



**काठमाडौं–** एन्फा राष्ट्रिय लिगमा मनाङ मर्स्याङ्दी क्लबले प्लानिङ ब्वाइज युनाइटेडलाई गोलरहित बराबरीमा रोकेको छ । आइतबार त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सम्पन्न दिनको अन्तिम खेलमा दुबै टोलीले पाएका अवसरलाई गोलमा परिणत गर्न सकेनन् ।

बराबरीसँगै प्लानिङ ब्वाइजले शीर्ष स्थानमा उक्लिने अवसर गुमायो । यो नतिजासँगे प्लानिङ ब्वाइज ९ खेलमा १८ अंक जोड्दै अंकतालिकाको तेस्रो स्थानमा उक्लियो । शीर्ष स्थानको एपिएफको ८ खेलमा २० अंक छ । मनाङले भने एक स्थान सुधार गर्‍यो । ९ खेलमा मनाङ ९ अंक जोड्दै ११औं स्थानमा उक्लिएको छ । मनाङले विभागीय टोली नेपाल पुलिस क्लबलाई उछिन्यो ।

दिनको दोस्रो खेलमा पुछारबाट पाँचौं स्थानमा रहेको चित्लाङ एफसीविरुद्ध २-१ को संघर्षपूर्ण जित हासिल गर्दै न्युरोड टिम (एनआरटी) तेस्रो स्थानमा उक्लिएको थियो । तर, अहिले प्लानिङले एनआरटीलाई गोल भिन्नतामा उछिनेको छ ।

एनआरटीका लागि राजीभ लोप्चन र टिमोथी ओकेरेकेले गोल गरे ।

सनम लिम्बूको आत्मघाती गोलमा चित्लाङ पहिलो हाफमा खेलमा फर्किएको थियो । तर, ५४औं मिनेटमा टिमोथीले पुनः एनआरटीलाई अग्रतामा ल्याएका थिए ।

चित्लाङको यो चौथो हार हो । चित्लाङले समान खेलमा ७ अंक जोडेको छ । दिनको पहिलो खेलमा पुछारको नव जन जागृति क्लबमाथि ३-० को सहज जित हासिल गर्दै त्रिभुवन आर्मी फुटबल क्लब तेस्रो स्थानमा उक्लिएको थियो । अन्तिम खेलपछि आर्मी अहिले पाँचौं स्थानमा झरेको छ ।

यो नतिजासँगै आर्मीले ८ खेलमा १८ अंक जोडेको छ जन जागृतिको यो लगातार आठौं हार हो । जन जागृति लिगमा एक अंक पनि जोड्न नसक्ने एक्लो टोली हो । अब ११ दिनसम्म लिगमा कुनै पनि खेल हुनेछैनन् ।

# मेलवर्नमा कँडेल कप फुटबल हुने

**काठमाडौं (प्रस)–** अस्ट्रेलियाको मेलवर्नमा १५ औं कँडेल कन्सल्ट्यान्सी कप फुटबल प्रतियोगिता हुने भएको छ । डार्विन इन्टरनेसनल स्पोर्ट्स सेन्टरमा यही मार्च ७ र ८ तारिखमा हुने प्रतियोगितामा अस्ट्रेलियाभरिका १६ वटा टिमले सहभागिता जनाउने आयोजक यति फुटबल क्लबका उपाध्यक्ष सज्जन शर्माले बताए । यो अस्ट्रेलियामा नेपाली क्लबहरूको सबैभन्दा ठूलो प्रतियोगिता हो । प्रतियोगितामा २२ हजार अस्ट्रेलियन डलर पुरस्कार राखिएको छ ।

जसमा विजेता टिमले १२ हजार र उपविजेता टिमले ४ हजार ५०० डलर पाउनेछन् । प्रतियोगिताको आइतबार मेलबर्नमा एक कार्यक्रम गरी औपचारिक रूपमा समूह विभाजन गरिएको छ ।





दक्षिणी लेबनानमा इजरायली आक्रमणबाट विस्थापित भएकाहरू सोमबार सुरक्षित स्थानतर्फ जाने क्रममा दक्षिणी बन्दरगाह सहर सिदोनको बेरुतसँग जोडिएको राजमार्गमा ट्राफिक जाममा फसेका दृश्य । *तस्बिरः एपी*

# लेबनानमा भएको इजरायली आक्रमणमा ३१ जनाको मृत्यु, १४९ घाइते

**बेरुत–** लेबनानको राजधानी बेरुतको दक्षिणी उपनगर र दक्षिणका विभिन्न क्षेत्रमा भएको इजरायली हवाई आक्रमणमा ३१ जनाको मृत्यु हुनुका साथै १४९ जना घाइते भएको लेबनानको स्वास्थ्य मन्त्रालयले घोषणा गरेको छ ।

विज्ञप्ति जारी गर्दै मन्त्रालयको जनस्वास्थ्य आपतकालीन सञ्चालन केन्द्रले बेरुतको दक्षिणी उपनगरमा २० जनाको मृत्यु हुनुका साथै ९१ जना घाइते भएको सोमबार जनाएको छ । यसैगरी दक्षिणी लेबनानमा भएको आक्रमणमा ११ जनाको मृत्यु भएको र ५८ जना घाइते भएको जनाउँदै केन्द्रले मृतकको संख्या बढ्न सक्ने जनाएको छ ।

इजरायली आक्रमणहरूले, बेरुतको दक्षिणी उपनगरहरूलाई लक्षित गरेकाले दक्षिणी लेबनानबाट इजरायली संस्थातिर रकेट प्रक्षेपण गरेपछि विस्थापनको ठूलो मात्रामा लहर सुरु भएको जनाइएको छ । सन् २०२४ नोभेम्बर मा युद्धविराम सम्झौता लागू भएपछि पहिलोपटक इजरायली एकाइतिर रकेट प्रहार



गरिएको जनाइएको छ ।

सन् २०२४ नोभेम्बरमा लेबनानमा लागू भएको युद्धविराम सम्झौतामा ६० दिनभित्र दक्षिणी सीमावर्ती गाउँ र सहरहरूबाट इजरायली सेना फिर्ता लिन अनिवार्य गरिएको थियो । त्यसपछि, लेबनानी सरकार फेब्रुअरी १८ सम्म समयसीमा विस्तार गर्न सहमत भयो; यद्यपि, कब्जा सेना पाँच बिन्दुमा तैनाथ छ भने निरन्तर युद्धविरामको उल्लंघन जारी छ । *रासस/क्युएनए*

# होर्मुज संकटले विश्वबजारमा हलचल

**हङकङ–** इरानमा अमेरिका-इजरायल संयुक्त आक्रमण र त्यसपछिको क्षेत्रीय तनावले विश्व ऊर्जा बजारलाई तीव्र झट्का दिएको छ । होर्मुज जलडमरूमध्ये आसपास असुरक्षा चुलिँदा सोमबार एसियाली बजार खुल्नेबित्तिकै कच्चा तेल र ग्यासको मूल्य उकालो लाग्यो भने सेयर बजारहरू गहिरो गिरावटमा पुगे ।

इस्लामिक गणतन्त्र इरानमा सर्वोच्च नेता अयातुल्ला अली खामेनीसहित वरिष्ठ अधिकारीहरूको ज्यान जाने गरी भएको हमलापछि ब्रेन्ट क्रुड सुरुआती कारोबारमा झण्डै १४ प्रतिशत र वेस्ट टेक्सास इन्टरमिडियेट करिब १२ प्रतिशतले उक्लिएको थियो । विश्व समुद्री तेल आपूर्तिको करिब २० प्रतिशत बग्ने होर्मुज जलडमरूमध्ये प्रभावकारीरूपमा अवरुद्ध भएको, केही जहाजमा आक्रमण भएको र बिमा लागत आकासिएको खबरले आपूर्ति अवरोधको डर झन् बढाएको हो । पछि केही लाभ घटे पनि कच्चा तेल नौ प्रतिशतभन्दा बढी माथि नै रह्यो भने युरोपेली ग्यासको मूल्य २० प्रतिशतभन्दा बढीले बढ्यो ।

टोकियो, हङकङ, सिंगापुर, मुम्बई, बैंकक, वेलिंगटन र ताइपेईका सेयर बजारहरू राताम्मे देखिए । लण्डन झण्डै एक प्रतिशत घट्दा फ्रान्कफर्ट र पेरिसमा दुई प्रतिशतभन्दा बढी गिरावट आयो । सांघाई भने सामान्य सुधारमा रह्यो र सिड्नी स्थिरजस्तै देखियो ।

अमेरिकी मुद्रा प्रारम्भमा कमजोर बने पनि पछि सुरक्षित लगानीतर्फको आकर्षणका कारण डलर र सुन दुवै बढेका छन्, जसमा सुन झण्डै दुई प्रतिशतले उक्लिएको छ ।

क्षेत्रीय उडान रद्द हुन थालेपछि एयरलाइन्स कम्पनीहरूको सेयरमा तीव्र गिरावट आयो । हङकङको क्याथे प्यासिफिक चार प्रतिशत, सिड्नीमा सूचीकृत क्वान्टास ५.४ प्रतिशत, सिंगापुर एयरलाइन्स ४.८ प्रतिशतले घटे । जापानका एएनए र जेएएल पनि पाँच प्रतिशतभन्दा बढी ओरालो लागे । यसको विपरीत ऊर्जा कम्पनीहरू भने उक्लिए; अस्ट्रेलियाका वुडसाइड इनर्जी र सान्तोस छ प्रतिशतभन्दा बढीले बढे, पेट्रोचाइना करिब चार प्रतिशत माथि पुग्यो र जापानको इन्पेक्सले पनि उल्लेख्य वृद्धि गर्‍यो ।

इरानले औपचारिकरूपमा जलडमरूमध्ये बन्द नगरे पनि रिभोलुसनरी गार्ड्सले जहाजलाई सावधानी अपनाउन चेतावनी दिएको छ । ओमान र युएईको तट नजिक दुई जहाज ठोक्किएको र एउटा तेल ट्याांकरमा प्रहार भई डुबेको इरानी सञ्चारमाध्यमहरूले जनाएका छन् । प्रमुख ढुवानी कम्पनीहरूले आफ्ना जहाजहरूको मार्ग परिवर्तन गरिसकेको पुष्टि गरेका छन् । विश्लेषक अमेना बक्रका अनुसार अवस्था लम्बिए कच्चा तेलको मूल्य ९० डलर नाघ्न सक्छ र रणनीतिक भण्डारले पनि पूरै कमी धान्न नसक्ने जोखिम छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी जनतालाई सरकारविरुद्ध उठ्न आह्वान गर्दै युद्ध ‘चार हप्ता’ सम्म लम्बिन सक्ने बताएका छन् । तर इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का प्रमुखले संयुक्त राज्य अमेरिकासँग वार्ता नगर्ने स्पष्ट पारेका छन् । इरान समर्थित हिजबुल्लाहले इजरायलतर्फ रकेट प्रहार गरेपछि लेबनानमा पनि आक्रमण भएको खबरले द्वन्द्व थप फैलिन सक्ने चिन्ता बढाएको छ ।

स्याक्सो मार्केटका चारु चनानाका अनुसार ऊर्जा मूल्य उच्च रहिरहे मुद्रास्फीति फेरि चर्किन सक्छ र अमेरिकी फेडरल रिजर्भलाई ब्याजदर कटौतीमा सतर्क बनाउने छ । क्लेप्लरकी विश्लेषक मिसेल ब्रोहार्डले उच्च तेल मूल्यलाई ट्रम्प प्रशासनको ‘एचकिलिस हिल’ को संज्ञा दिँदै अमेरिकी मध्यावधि चुनाव नजिकिँदै गर्दा मूल्यवृद्धिले राजनीतिक दबाब बढाउन सक्ने बताइन् ।

कतार विश्वको प्रमुख तरलीकृत प्राकृतिक ग्यास निर्यातकर्ता भएकाले ग्यास मूल्यवृद्धिले विश्व अर्थतन्त्रमा थप असर पार्ने आकलन गरिएको छ । पेरिसस्थित आइइएसइजी स्कुल अफ म्यानेजमेन्टका अर्थशास्त्री एरिक डोरका अनुसार तनाव छोटो अवधिमा सीमित रहे ठूलो असर नपर्न सक्छ, तर लामो समय कायम रहेमा बढ्दो ऊर्जा र ढुवानी लागतले विश्व आर्थिक वृद्धिमा मन्दीको छायाँ पार्न सक्छ । *रासस/एएफपी*

# इजरायल-इरान द्वन्द्व क्षेत्रभरि फैलियो

**बेरुत (लेबनान)–** इजरायलले इरान समर्थित हिजबुल्लाहका लक्ष्यहरूमा लेबनानभरि व्यापक बमबारी गरेपछि इजरायल, इरान र उसका सहयोगी समूहहरूबीचको द्वन्द्व मध्यपूर्वभरि फैलिएको छ । अमेरिकी समर्थनमा इरानमाथि भएको ठूलो आक्रमण र इरानका सर्वोच्च नेता अयातुल्ला अली खामेनीको हत्यापछि सुरु भएको तनावले क्षेत्रीय युद्धको रूप लिने संकेत देखिएको छ ।



तेहरान समर्थित शिया आन्दोलन हिजबुल्लाहले खामेनीको हत्याको बदलामा इजरायलतर्फ रकेट तथा ड्रोन प्रहार गरेको दाबी गरेपछि इजरायली सेनाले बेरुतसहित दक्षिणी लेबनानमा तीव्र आक्रमण गरेको जनाएको छ । सिडोन क्षेत्रमा सर्वसाधारण घर छाडेर भागेका छन् भने राजधानी बेरुतमा बिहानै विष्फोटका आवाज सुनिएको थियो ।

यसैबीच अमेरिकी सेनाले इरानभित्रका रणनीतिक लक्ष्यहरूमा कारबाही विस्तार गरेको छ । वासिङ्टनले इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आइआरजिसी) को मुख्यालय ध्वस्त पारेको जनाएको छ । इरानले त्यसको जवाफमा इजरायल, संयुक्त अरब इमिरेट्स, कतार, बहराइन र अन्य खाडी मुलुकतर्फ मिसाइल तथा ड्रोन प्रहार गरेको छ । तेल अभिभ नजिक र बेत सेमेश क्षेत्रमा भएको आक्रमणमा कम्तीमा नौ जनाको मृत्यु भएको र दर्जनौं घाइते भएका छन् । जेरुसेलममा पनि घाइते भएका छन् ।

दोहा, दुबई र मानामामासमेत विष्फोटका खबर आएका छन् । खाडी क्षेत्रमा भएका जवाफी आक्रमणमा कम्तीमा चार जनाको मृत्यु भएको पुष्टि गरिएको छ । इरानभित्र रेड क्रिसेन्टका अनुसार पछिल्ला आक्रमणमा २०१ जनाको मृत्यु भएको छ भने सयौं घाइते भएका छन् । इरानी न्यायपालिकाले खामेनीका सल्लाहकार अली शामखानी र रिभोलुसनरी गार्डर्सका प्रमुख जनरल मोहम्मद पाकपुर मारिएको पुष्टि गरेको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पहिलो अमेरिकी सैनिकको मृत्युको बदला लिने बताउँदै कारबाही अझ कडा हुने चेतावनी दिएका छन् । पेन्टागनका अनुसार ‘एपिक फचुरी’ नामक अपरेसनमा तीन अमेरिकी सैनिक मारिएका छन् । ट्रम्पले इरानी सुरक्षा बललाई हतियार त्याग्न आह्वान गर्दै प्रतिरोध गरे ‘निश्चित मृत्यु’ हुने चेतावनी दिएका छन् ।

तर इरानका सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का प्रमुख अली लारिजानीले अमेरिकासँग कुनै वार्ता नहुने स्पष्ट पारेका छन् । राष्ट्रपति मसुद पेजेस्कियानले खामेनीको हत्या मुस्लिमविरुद्धको युद्धको घोषणा भएको बताउँदै बदला लिने अधिकार सुरक्षित रहेको जनाएका छन् । खामेनीको मृत्युपछि आयातोल्लाह अलिरेजा अराफीलाई अन्तरिम नेतृत्व परिषद्मा जिम्मेवारी दिइएको छ ।

यसबीच लेबनानका प्रधानमन्त्री नवाफ सलामले हिजबुल्लाहको रकेट प्रहारलाई गैरजिम्मेवारपूर्ण कदम बताउँदै यसले देशलाई थप जोखिममा पारेको प्रतिक्रिया दिएका छन् । पाकिस्तानको कराचीमा अमेरिकी वाणिज्य दूतावासमा आक्रमण प्रयास भएको छ भने १७ जनाको मृत्यु भएको अधिकारीहरूले जनाएका छन् ।

इजरायल र अमेरिकाले इरानका नागरिकलाई शासनविरुद्ध उठ्न आह्वान गरेका छन् । शाहका छोरा रेजा पहलवीले पनि सही समय कुर्न आग्रह गरेका छन् । खामेनीको मृत्युलाई लिएर इरानभित्र मिश्रित प्रतिक्रिया देखिएको छ- कतै उत्सव, कतै अमेरिका विरोधी प्रदर्शन ।

तेहरानको आणविक कार्यक्रमबारे वार्ता चलेको दुई दिनमै भएको यो सैन्य टकरावले होर्मुज जलडमरूमध्यमा असर पारेको छ । इरानले जलमार्ग बन्द गर्ने चेतावनी दिएपछि जहाजमाथि आक्रमण भएका छन् र विश्व तेल बजारमा मूल्य वृद्धि भएको छ । अमेरिकी दाबी अनुसार नौ इरानी नौसैनिक जहाज डुबाइएका छन्, यद्यपि इरानले अमेरिकी विमानवाहक युएसएस अब्राहम लिंकनलाई निशाना बनाएको दाबी गरेको छ, जसलाई पेन्टागनले अस्वीकार गरेको छ ।

यसरी इजरायल-इरान तनाव सीमित टकरावबाट क्षेत्रीय संघर्षतर्फ उन्मुख भएको देखिएको छ, जसले मध्यपूर्वको सुरक्षा सन्तुलन र विश्व अर्थतन्त्र दुवैलाई गम्भीर असर पार्ने संकेत दिएको छ । *रासस/एएफपी*

# मध्यपूर्वको द्वन्द्व अन्त्य गर्न कूटनीतिक उपाय अपनाउन चीनको आह्वान

**बेइजिङ–** चीनले मध्यपूर्वमा दिनानुदिन भड्किरहेको द्वन्द्व अन्त्य गर्न युद्धविराम तथा कूटनीतिक वार्ताका उपायहरू अवलम्बन गर्न आह्वान गरेको छ ।

हाल इजरायल र संयुक्त राज्य अमेरिकाले इरान र लेबनानमा निरन्तर आक्रमण गर्दै आएका छन्, भने द्वन्द्व क्षेत्रीय छिमेकी देशहरूसम्म फैलिएको छ । विदेश मन्त्रालयका प्रवक्ता माओ निङले पत्रकार सम्मेलनमा बोल्दै द्वन्द्व अन्यका लागि सबैभन्दा पहिले सैन्य कारबाहीको अन्त्य र द्वन्द्वको फैलावट रोक्नुपर्ने जनाउँदै वार्ताको माध्यमबाट समस्याको समाधान गर्न आग्रह गरेका छन् ।

तेहरानमा द्वन्द्वमा परी एक जना चिनियाँ नागरिकका मारिएको उनले बताएका छन् । जहाँ इजरायल र संयुक्त राज्य अमेरिकाले इस्लामिक गणतन्त्रको सर्वोच्च नेताको हत्या गरेको छ भने आक्रमण जारी छ ।

विदेश मन्त्रालयले इरानस्थित चिनियाँ दूतावासलाई पीडित र तिनिहरूका परिवारलाई सहयोग गर्न निर्देशन दिएको माओले बताएका छन् ।

बेइजिङले गत हप्ता आफ्ना नागरिकहरूलाई सुरक्षा अवस्थाको बारेमा सजग गराउँदै इरानको यात्रा नगर्न चेतावनी दिएको थियो । यसैबीच सोमबारसम्म तीन हजारभन्दा बढी चिनियाँ नागरिक इरान छोडिसकेको जनाइएको छ । इरानको ‘रिभोलुसनरी गार्ड्स’ले इजरायल र अमेरिकाविरुद्ध इतिहासमा ‘सबैभन्दा भयानक आक्रमण’ गर्ने चेतावनी दिएको छ । *रासस/एएफपी*

# इरानमा फसेका विद्यार्थीहरूलाई बाहिरिन अनुमति

**तेहरान–** पश्चिम एसिया क्षेत्रमा तनाव बढ्दै जाँदा इरानमा फसेका भारतीयसहितका विद्यार्थीहरूलाई राहत दिँदै तेहरानले देशको शैक्षिक संस्थानहरूमा अध्ययनरत विदेशी नागरिकहरूलाई आफ्नो भूमिबाहिर निस्कन अनुमति दिने घोषणा गरेको तसनिम न्युजले जनाएको छ ।

यसबाहेक, विद्यार्थीहरूलाई उनीहरूको अन्तिम परीक्षाहरूमा उपस्थित हुन र उनीहरूको सोधपत्रका लागि पछि अनुमति दिइने र जसको मितिहरू पछि घोषणा गरिने देशको शिक्षा मन्त्रालयललाई उद्धृत गर्दै तस्निम न्युजले उद्धृत गरेको छ ।

हाल इरानमा विश्वविद्यालय र सार्वजनिक संस्थाहरू अस्थायीरूपमा बन्द भएका छन् भने अन्तर्राष्ट्रिय उडानहरू ठप्प गरिएको छ । भारतीय अधिकारीहरूले आफ्ना विद्यार्थीहरूलाई इरान छोड्न आग्रह गर्दै बारम्बार सूचना जारी गरेका छन्, तर हवाई क्षेत्र बन्द भएकाले निकासी प्रयासहरू जटिल भएको जनाएको छ । तेहरान, उर्मिया र अन्य क्षेत्रका विद्यार्थीहरूले अस्पताल र शैक्षिक संस्थाहरूलगायत आवश्यक सेवाहरूमा सीमित पहुँचको सामना गरिरहेका छन् भने आगामी १५ दिनका लागि सञ्चालन स्थगित गरेको छ ।

तसनिम न्युजले इरानबाट विदेशी विद्यार्थीहरूलाई बाहिरिन अनुमति दिएको जनाउँदै मन्त्रालयले सबै विश्वविद्यालयहरू देशबाट बाहिर निस्कन चाहने विदेशी विद्यार्थीहरूलाई आवश्यक सहयोग प्रदान गर्ने र अन्तिम अवधिको परीक्षा सञ्चालनका लागि वैकल्पिक समय घोषणा गर्ने जनाएको छ ।

आर्मेनिया र अजर-बैजानजस्ता छिमेकी देशहरूमा निकासी मार्गहरूमा मार्गदर्शन प्रदान गर्दै भारतीय दूतावास विद्यार्थीहरूसँग निरन्तर सम्पर्कमा रहेको जनाइएको छ । यद्यपि, अन्तर्राष्ट्रिय हवाई क्षेत्र प्रतिबन्ध र निरन्तरको मिसाइल आक्रमणका कारण अधिकारीहरूले तत्काल निकासी एक जटिल चुनौती बनेको स्वीकार गरेका छन् । विद्यार्थी र परिवारहरूले सुरक्षा, सञ्चार ढिलाइ र सहायतामा चिन्ता व्यक्त गरेका छन् भने सङकटको बीचमा उनीहरूको सुरक्षित फिर्ती सुरक्षित गर्न समन्वित अन्तर्राष्ट्रिय प्रयासहरूको आवश्यकतालाई जोड दिइएको छ । *रासस/एएनआई*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला - ३२६१०० | प्रति तोला - ० | प्रति तोला - ६०२० |

## सार्वजनिक बिदामा बैंकिङ सेवा उपलब्ध गराउन निर्देशन

**काठमाडौं (प्रस)–** नेपाल राष्ट्र बैंकले सार्वजनिक बिदाका दिन बैंकिङ सेवा उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ।

एक निर्देशनमार्फत केन्द्रीय बैंकले होली पर्व र प्रतिनिधिसभा सदस्य निर्वाचनको दिन अर्थात् फागुन २१ गते बिहीबारका दिन बैंक तथा वित्तीय संस्थाका कार्यालय सञ्चालनमा रहने व्यवस्था मिलाउन आग्रह गरेको हो। राष्ट्र बैंकले सरकारी कारोबार गर्न तोकिएका वाणिज्य बैंकहरूद्वारा भुक्तानी व्यवस्था र राजस्व दाखिला गर्ने व्यवस्था मिलाउन निर्देशन दिएको हो।

निर्वाचन प्रचारप्रसारका लागि बैंक खाता सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाहरूद्वारा राजनीतिक दल तथा उम्मेदवारको नगद वा चेक वा अन्य विनिमय साधनहरूको दाखिला, भुक्तानीलगायतका बैंकिङ सेवा प्रदान गर्ने व्यवस्था मिलाउन भनिएको छ।

## दैनिक उपभोग्य वस्तुको आपूर्ति व्यवस्था सहज बनाइने

**काठमाडौं (प्रस)–** सरकारले निर्वाचनलाई मध्यनजर गर्दै पेट्रोलियम पदार्थ र दैनिक उपभोग्य वस्तुको आपूर्ति व्यवस्था सहज बनाउने निर्णय गरेको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले त्यसका लागि सार्वजनिक बिदाका दिनमा समेत आयात-निर्यातसम्बन्धी कार्य सञ्चालन गर्ने निर्णय गरेको हो। नियमित अनुगमन प्रक्रियालाई प्रभावकारी तुल्याई अस्वाभाविक मूल्यवृद्धि र कृत्रिम अभाव सिर्जना हुन नदिने व्यवस्था मिलाउने निर्णय गरेको मन्त्रालयले जनाएको छ।

पेट्रोलियम पदार्थको सहज आपूर्तिका लागि नेपाल आयल निगमले सार्वजनिक बिदाका दिनमा समेत बिक्री डिपोहरू खोल्ने व्यवस्था मिलाउने र सोको अग्रिम जानकारी सम्बन्धित सबैलाई दिने, इण्डियन आयल कर्पोरेशनसँग समन्वय गरी हाल भइरहेको आयात र वितरणलाई थप व्यवस्थित तुल्याउने जनाएको छ।

पेट्रोलियम पदार्थका बिक्रेताहरूबाट सवारीसाधनमा भर्नेबाहेक भण्डारण गर्ने प्रयोजनका लागि इन्धन उपलब्ध नगराउने, डिलर तथा बिक्रेताहरूको नियमित अनुगमन गरी मौज्दात विवरण संकलन तथा अद्यावधिक गर्ने र पेट्रोलियम पदार्थ तथा ग्यासको आपूर्ति निरन्तर भइरहेको हुँदा अनावश्यक भण्डारण गरेर नराख्न सर्वसाधारण सबैलाई अनुरोध गर्ने मन्त्रालयले जनाएको छ।

## आगामी आवको राजस्व नीतिमाथि मागियो सुझाव

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत अवलम्बन गरिने करका दर तथा राजस्व नीतिमाथि सरकारले सुझाव माग गरेको छ। बजेट तर्जुमा अघि राजस्व नीति, कर संरचना, भन्सार दर, राजस्व प्रशासन तथा समष्टिगत आर्थिक सुधारका विषयमा ठोस सुझाव संकलन गर्ने उद्देश्यले गत माघ २८ गतेको मन्त्रिस्तरीय निर्णयबाट गठन भएको राजस्व परामर्श समितिले यस्तो सुझाव माग गरेको हो। राजस्व सचिवको संयोजकत्वमा गठित समितिले आगामी चैत ३० गतेभित्र सुझाव दिइसक्न भनेको छ।

अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, आन्तरिक राजस्व विभाग, भन्सार विभाग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र अर्थ मन्त्रालयअन्तर्गतका विभिन्न विभाग तथा कार्यालयमार्फत समितिलाई सुझाव दिन सकिनेछ।

राजस्व परामर्श समितिलाई आयकर, मूल्य अभिवृद्धि कर (भ्याट), अन्तःशुल्क, शिक्षा सेवा शुल्क, डिजिटल सर्भिस ट्याक्स, ई-कमर्समा लाग्ने कर तथा आर्थिक ऐनबमोजिमका अन्य आन्तरिक करसम्बन्धी नीतिगत तथा कानुनी सुधारका विषयमा सुझाव दिन कार्यादेश दिइएको छ। करका दर पुनरावलोकन, प्रक्रिया सरलीकरण, कर प्रणाली सुधार तथा राजस्व प्रशासन र सङ्गठन संरचनामा आवश्यक सुधारबारे सिफारिस गर्ने जिम्मेवारी पनि समितिले पाएको छ।

यसैगरी औद्योगिक प्रवर्द्धन तथा संरक्षण, आयात-निर्यात, सेवा व्यापार, लगानी प्रवर्द्धन, आपूर्ति व्यवस्थापन तथा कर तथा गैरकर प्रोत्साहनका विषयमा नीतिगत र कानुनी सुधारका सुझाव पनि समितिले तयार गर्नेछ। भन्सार दर पुनरावलोकन, आन्तरिक उत्पादन संरक्षणका उपाय, मूल्यांकन प्रणाली सुधार, व्यापार सहजीकरण, सीमा व्यवस्थापन तथा भन्सार प्रशासन सुधारसम्बन्धी विषय पनि कार्यक्षेत्रभित्र समेटिएका छन्।

राजस्व चुहावट नियन्त्रण, चोरी निकासी-पैठारी नियन्त्रण, विदेशी विनिमय नियमन, आर्थिक अपराध नियन्त्रण, सम्पत्ति शुद्धीकरण अनुसन्धान तथा त्यसका लागि आवश्यक कानूनी र संगठनात्मक सुधारका विषयमा पनि सुझाव दिने कार्यादेश छ।

समितिले अन्तरराष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय अर्थतन्त्रको तुलनात्मक विश्लेषण गर्दै आर्थिक विकाससँग सम्बन्धित विषयमा सुझाव दिनेछ। करको दायरा विस्तार, नयाँ कर लागू वा खारेज गर्ने विषयमा अध्ययन-अनुसन्धान गरी सम्बन्धित क्षेत्रका विज्ञ, उद्योगी तथा व्यवसायीसँग छलफल गरेर सिफारिस गर्ने व्यवस्था गरिएको छ।

समितिको प्रभावकारी कामका लागि विभिन्न विषयगत नौ वटा उपसमिति गठन गरिएको पनि अर्थ मन्त्रालयले जनाएको छ। आन्तरिक राजस्व उपसमितिले आयकर, भ्याट, अन्तःशुल्क, डिजिटल करलगायत आन्तरिक करसम्बन्धी सुधारका विषयमा काम गर्नेछ। भन्सार उपसमितिले भन्सार दर, मूल्यांकन प्रणाली, व्यापार सहजीकरण तथा सीमा व्यवस्थापनमा केन्द्रित भई सुझाव तयार पार्नेछ।

**अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, आन्तरिक राजस्व विभाग, भन्सार विभाग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र अर्थ मन्त्रालयअन्तर्गतका विभिन्न विभाग तथा कार्यालयमार्फत समितिलाई सुझाव दिन सकिने**

राजस्व चुहावट नियन्त्रण तथा अनुसन्धान उपसमितिले चुहावटका प्रवृत्ति विश्लेषण, नियन्त्रणका उपाय तथा विदेशी विनिमय र आर्थिक अपराध नियन्त्रणका विषय सम्हाल्नेछ। उद्योग, वाणिज्य, लगानी तथा निर्यात प्रवर्द्धन उपसमितिले औद्योगिक संरक्षण, व्यापार नीतिगत सुधार तथा प्रोत्साहनका विषयमा सिफारिस गर्ने छ।

त्यस्तै, कृषि, ऊर्जा तथा पर्यटन क्षेत्र उपसमितिले कृषि व्यवसायीकरण, विद्युत् उत्पादन, पर्यटन प्रवर्द्धन तथा प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी सुधारका विषय अध्ययन गर्नेछ। बैंक, वित्तीय संस्था, बिमा, सहकारी तथा पुँजी बजार उपसमितिले वित्तीय क्षेत्रका समस्या र राजस्व परिचालनबीचको सम्बन्धबारे सुझाव दिनेछ।

गैरकर तथा अन्तरसरकारी राजस्व व्यवस्थापन उपसमितिले गैरकर राजस्वका स्रोत, दर तथा संघीय संरचनामा देखिएको कर दोहोरोपनाको समाधानबारे काम गर्नेछ। समष्टिगत आर्थिक उपसमितिले आर्थिक परिसूचक, राजस्व सम्भाव्यता र प्रक्षेपण विश्लेषण गर्नेछ भने सम्पत्ति शुद्धीकरण निवारण तथा अनुसन्धान उपसमितिले एफएटीएफको ग्रे लिस्टबाट बाहिरिने रणनीतिसहित जोखिम विश्लेषण र सुधारका उपाय सिफारिस गर्नेछ।

आगामी आर्थिक वर्षको बजेटमार्फत अवलम्बन गरिने कर नीतिका सन्दर्भमा सम्बन्धित सरकारी निकाय, निजी क्षेत्रका प्रतिनिधिमूलक संघसंस्था, प्राज्ञिक क्षेत्र, सरोकारवाला निकाय तथा सर्वसाधारणबाट सुझाव आह्वान गरिएको पनि अर्थ मन्त्रालयले जनाएको छ।

सुझाव संकलनपछि उपसमितिहरूले आगामी चैत मसान्तसम्म मुख्य समितिसमक्ष आफ्नो प्रतिवेदन पेश गर्नेछन्। त्यसपछि समितिले समग्र सिफारिस समेटिएको अन्तिम प्रतिवेदन २०८३ वैशाख मसान्तभित्र अर्थमन्त्रीसमक्ष बुझाउने कार्यतालिका तय गरिएको छ।

समितिमा केन्द्रीय बैंक, प्राज्ञिक क्षेत्र तथा निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरूको सहभागिता छ।




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ